# प्रतिनिधिसभा
# प्राकृतिक स्रोत र साधन समिति
# को
# वार्षिक प्रतिवेदन
# २०६३

संसद भवन, सिंहदरवार,
काठमाण्डौं

Scanned by CamScanner

# प्रतिनिधिसभा
# प्राकृतिक स्रोत र साधन समिति
# को
# वार्षिक प्रतिवेदन
# २०६३

संसद भवन, सिंहदरवार,
काठमाण्डौं

Scanned by CamScanner

प्रतिनिधि सभा
प्राकृतिक स्रोत र साधन समिति
(जलश्रोत, भूमिसुधार, भूमि व्यवस्था र कृषि )

अध्यक्ष
मा.श्री प्रकाश ज्वाला

पदेन सदस्यहरु
१. मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला
२. मा. कृषि तथा सहकारी मन्त्री श्री महन्थ ठाकुर
३. मा. भूमिसुधार तथा व्यवस्था मन्त्री श्री प्रभुनारायण चौधरी
४. मा. जलश्रोत राज्यमन्त्री श्री ज्ञानेन्द्रवहादुर कार्की

सदस्यहरु

१. मा. श्री अजयप्रताप शाह
२. मा. श्री अर्जुनप्रसाद जोशी
३ मा. श्री आनन्दप्रसाद पोखरेल
४. मा. श्री काशी पौडेल
५. मा. श्री गोविन्दराज जोशी
६. मा .श्री जगदीशप्रसाद शाह
७. मा. श्री दिलवहादुर लामा
८.. मा.श्री नागेन्द्रकुमार राय
९. मा .श्री नारायण शर्मा पौडेल
१०. मा. श्री महेन्द्रकुमार राय
११.मा. श्री मंगलप्रसाद थारु
१२. मा. श्री रामकुमार चौधरी
१३.मा. श्री लेखनाथ आचार्य
१४. मा. श्री वसन्तकुमार नेम्वाङ्ग
१५.मा. श्री वीरवहादुर लामा
१६. मा. श्री वीरेन्द्रकुमार कनौडिया
१७.मा. श्री सुभाष कर्माचार्य
१८. मा.श्री शेरवहादुर देउवा
१९.मा. श्री हर्कमान तामाङ

Scanned by CamScanner

## सचिवालय

| | |
|---|---|
| १. महासचिव | श्री सूर्यकिरण गुरुङ्ग |
| २. सह-सचिव | श्री रामशरण घिमिरे |
| ३. उप-सचिव | श्री तेज वहादुर थापाक्षेत्री |
| ४. शाखा-अधिकृत | श्री विष्णु गिरी |
| ५. ना.सु.टा. | श्रीमती लक्ष्मी महर्जन |
| ६. खरिदार | श्री नवराज शर्मा |
| ७. पियन | श्री भजहरि पुरी |

## मुद्रण तर्फ

| | |
|---|---|
| १. प्रमुख मुद्रण अधिकृत | श्री पुष्पमुनि बज्राचार्य |
| २. मुद्रण अधिकृत | श्री जगदीश्वरलाल श्रेष्ठ |
| ३. ,, ,, | श्री प्रेमलाल तण्डुकार |
| ४. ,, ,, | श्री गोपालमान अमात्य |
| ५. ,, ,, | श्री सागरकुमार तुलाधर |
| ६. सि. प्रे टे . | श्री विष्णुप्रसाद भट्टराई |
| ७. ,, ,, | श्री दीपकप्रसाद न्यौपाने |
| ८. प्रे.टे. | श्री गंवीरमान सिंह |
| ९. ,, | श्री राजेन्द्रप्रसाद लामिछाने |
| १०. ,, | श्री प्रेमवहादुर चन्द |
| ११. पियन, | श्री मदन गिरी |

Scanned by CamScanner

# भूमिका

प्रतिनिधिसभा नियमावली,२०६३ को नियम १७८ अनुसार प्रतिनिधिसभामा विभिन्न समितिहरु गठन हुने व्यवस्था रहेको छ । सोही प्रावधान अनुसार मिति २०६३ जेठ १ गते वसेको प्रतिनिधिसभाको वैठकको निर्णयानुसार यस समितिको गठन भएको थियो । सो समितिको मिति २०६३।३।९ गते बसेको वैठकले समितिका सदस्य मा० श्री प्रकाश ज्वालालाई समितिको अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको थियो । त्यस पछि मिति २०६३।३।१४ मा बसेको वैठकले समितिको विषयसंग सम्वन्धित जलश्रोत मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको विगत वर्षको कार्य प्रगति विवरण र चालु वर्षको कार्यक्रम माग गरी छलफल गर्ने निर्णय गरेको थियो ।

सो निर्णयबाट निधारित कार्यक्रम अनुसार २०६३।३।१६ का दिन जलश्रोत मन्त्रालयको कार्यक्रम, योजना र वजेटको सम्वन्धमा मन्त्रालयवाट जानकारी लिएको थियो भने मिति २०६३।३।१८ मा बसेको वैठकमा जलश्रोत नीति, जल विद्युत नीति, सिंचाई नीति, नेपाल विद्युत प्राधिकरणको सुदृढीकरण योजना, भारतीय सीमा क्षेत्रमा भारतले वांध वांध्दा पर्न गएको डुवान समस्या, कोशी कटान जस्ता समस्याहरु माथि छलफल भएको थियो । त्यसै गरी कृषि तथा सहकारी मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तरगतका निकायहरुको योजना र कार्यक्रम एवं प्रगति विवरणवारे पनि छलफल भएको थियो ।

सोही वैठकमा समितिको कार्य क्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्नानुसारका उपसमितिहरु गठन गरिएका थिए ।

**जलश्रोत उपसमिति :**

| | |
|---|---|
| मा० श्री अर्जुनप्रसाद जोशी | -संयोजक |
| मा० श्रीमती काशी पौडेल | - सदस्य |
| मा० श्री गोविन्दराज जोशी | " |
| मा० श्री महेन्द्रकुमार राय | " |
| मा० श्री वसन्तकुमार नेम्वाङ्ग | " |
| मा० श्री वीरवहादुर लामा | " |
| मा० श्री हर्कमान तामाङ्ग | " |

**कृषि उपसमिति**

| | |
|---|---|
| मा० श्री आनन्दप्रसाद पोखरेल | संयोजक |
| मा० श्री जगदीशप्रसाद शाह- | सदस्य |
| मा० श्री नागेन्द्रकुमार राय | " |
| मा० श्री रामकुमार चौधरी | " |
| मा० श्री लेखनाथ आचार्य | " |
| मा० श्री शेरवहादुर देउवा | " |

Scanned by CamScanner

भूमिसुधार तथा व्यवस्था उपसमिति

| | |
|---|---|
| मा० श्री नारायण शर्मा पौडेल | संयोजक |
| मा० श्री अजयप्रताप शाह | सदस्य |
| मा० श्री दिलवहादुर लामा | ,, |
| मा० श्री मंगलप्रसाद थारु | ,, |
| मा० श्री वीरेन्द्रकुमार कनौडिया | ,, |
| मा० श्री सुभाष कर्माचार्य | ,, |

यसै सिलसिलामा समितिले आफूले गठन गरेका उप समितिहरुलाई निम्नानुसार अध्ययनको कार्यक्षेत्र तोकेको थियो ।

**कृषि तथा सहकारी सम्बन्धमा:** सहकारी विभाग, कृषि विभाग, पशु सेवा विभाग र विविध

**जलश्रोत सम्बन्धमा:** नेपाल विद्युत प्राधीकरण, सिंचाई विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, विद्युत विकास विभाग र जल तथा शक्ति आयोग

**भूमि सुधार तथा व्यवस्था सम्बन्धमा:** भूमिसुधार (द्वैध स्वामित्व, मुक्त कमैया र सुकुम्वासी समस्या), नापि विभाग, गुठी र भूमि व्यवस्था

प्रतिनिधिसभाको घोषणा, २०६३ले श्री ५ र राजपरिवारका सदस्यहरुलाई पनि करको दायरामा ल्याउने व्यवस्था गरे अनुरुप जग्गा जमिनको विवरणको अध्ययन गर्ने निधो गरी श्री ५ र राजपरिवारका सदस्यहरुको नाममा रहेको रैकर, गुठी, वीर्ता लगायत सवै किसिमका जग्गाको विवरण एवं श्री ५ र राजपरिवारका सदस्यहरु संलग्न रहेका उद्योग, कम्पनी र होटलहरुको नाममा रहेको जग्गाको विवरण माग गरिएको थियो । विवरणहरु प्राप्त भएपछि, यसमाथि छलफल भै मिति २०६३।४।२८ मा श्री ५ र राजपरिवारका सदस्यहरुको नाममा रहेको जग्गा जमिनको खरिद विक्री तत्काल रोक्का गर्न र श्री ५ तथा राजपरिवारका सदस्यहरुको नाममा रही मोही लागेको जग्गा मोही कै नाममा दर्ता गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकारलाई निर्देशन दिइएको थियो । निर्देशनको कार्यान्वयनमा देखिएको ढिलासुस्तीलाई मध्य नजर राखी मिति २०६३।५।१५मा पुनः निर्देशन दिइयो तैपनि सो निर्देशन हालसम्म कार्यान्वयन हुन सकेको पाइएको छैन ।

सो निर्देशनको कार्यान्वयनमा ढिलाई भएकोले यस विषयमा अध्ययन अनुसन्धान गरी श्री ५ र राजपरिवारका सदस्यहरुको नाममा रहेको जग्गा जमिनको यथार्थ विवरण पत्ता लगाई समिति समक्ष प्रतिवेदन पेश गर्न मा. श्री सुभाष कर्माचार्यको संयोजकत्वमा मा.श्री काशी पौडेल, मा.श्री दिलवहादुर लामा, मा. श्री वीरवहादुर लामा र मा. श्री रामकुमार चौधरी रहेको उपसमिति गठन गरिएको थियो । सो उपसमितिले राजा र राजपरिवारका सदस्यहरुको स्वामित्वमा रहेको जग्गा जमिनको अध्ययन गरी ती जग्गाहरु कानूनी दायरामा ल्याउने उपायका सम्बन्धमा सुझावसहितको प्रारम्भिक प्रतिवेदन मिति २०६३।७।१९ को समितिको

Scanned by CamScanner

बैठकमा पेश गरेको थियो । सो प्रारम्भिक प्रतिवेदन समेत यसै प्रतिवेदनको अङ्ग हुने गरी पेश गरिएको छ ।

भूमिसुधार तथा व्यवस्थाको सम्बन्धमा भूमि व्यवस्था, बीर्ता, गुठी, ब्लक नापी, छुट दर्ता जग्गा सम्बन्धी समस्याहरुको बारेमा छलफल भै समस्त भूमिको समस्या समाधान गर्न एक उच्च स्तरीय भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकारलाई निर्देशन दिइएको थियो ।

यसैसन्दर्भमा २०५७ साल श्रावण २ गते मुक्त भएका कमैयाहरुको बसोबास र जीविकोपार्जनको समस्या हल नभएको कारण २०६३ साल श्रावण महीनाको पहिलो हप्तामा काठमाडौ, बांके, बर्दिया, कंचनपुर लगायतका जिल्लामा विभिन्न माग राखी मुक्त कमैयाहरु आन्दोलनमा उत्रिएका थिए । आन्दोलनरत मुक्त कमैयाका प्रतिनिधिहरु र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका पदाधिकारीहरुलाई समितिमा बोलाई समस्या समाधान बारे छलफल गरी मिति २०६३।४।५ मा उनीहरुको समस्या समाधान गर्न एक उच्च स्तरीय मुक्त कमैया समस्या समाधान आयोग गठन गर्न सहमति गराइएको थियो । यसपछि समितिले कार्य प्रगति बारे समय समयमा अनुगमन गरिरहेका छ तर कार्य प्रगति सन्तोषजनक देखिएको छैन ।

जलस्रोतको सम्बन्धमा ८३,००० मे.वा जलविद्युत उत्पादन हुन सक्ने अनुमान भएको देशमा हालसम्म ६०० मे.वा. मात्र उत्पादन हुन सकेको छ । बढी भन्दा बढी जल विद्युत उत्पादन गरेर राष्ट्रिय आवश्यकता पूर्ति गरी विदेशमा खास गरी भारतमा निकासी गरेर आय आर्जन गर्ने लक्ष्य लिइएता पनि उत्पादनको स्थिति निराशाजनक रहेको छ । विगतका चार वर्षको अवधिमा विद्युत उत्पादन नगण्य मात्रामा मात्र वृद्धि भएको तर माग भने प्रति वर्ष ५०/६० मे.वा.का दरले बृद्धि हुदै जाने देखिएकोले विद्युत उत्पादन वृद्धिको वर्तमान अवस्थालाई हेर्दा आगामी वर्षहरुमा ठूलों उर्जा संकट हुने र यसबाट उद्योग व्यवसायमा समेत ठूलो असर पर्ने देखिन्छ । वर्तमान अवस्थालाई हेर्ने हो भने पनि अहिलेको उत्पादनले राष्ट्रिय आवश्यकतालाई नै पूर्ति गर्न नसकी देशले लोड सेडिङ्ग खेप्नु परिरहेको छ । नेपाल विद्युत प्राधिकरणको घाटा प्रति वर्ष दुई अरव देखाइएको छ । यही क्रमले घाटा हुदै जाने हो भने प्राधिकरण धारासायी हुने अवस्था देखिन्छ । घाटाको प्रमुख कारण भोटे कोशी र खिम्तीबाट उत्पादन भएको विद्युत विदेशी मुद्रामा दिनु परेको देखाइएको छ । उक्त आयोजनाहरुबाट उत्पादित विद्युत खरिद गर्दा प्रत्येक वर्ष कति नेपाली रुपैया लगानी गर्नु पर्छ र विद्युत वितरणबाट कति आम्दानी हुन्छ ? त्यसको स्पष्ट चित्र आउन सकेको देखिदैन । त्यसपछि प्राधिकरणको आन्तरिक व्यवस्थापनमा सुधार, चुहावट नियन्त्रण प्रभावकारी बनाउने, आफ्नो क्षमता अभिवृद्धि गरी आफ्नै क्षमता र लगानीमा नयां थप योजना बनाउने, सवारी साधन र जिन्सी सामानको खरिद र उपयोगमा मितव्ययिता अपनाउने, आवश्यकता भन्दा बढी घर टहरा नबनाउने जस्ता कुरामा ध्यान गएको नपाइएकोले समितिको विभिन्न समयमा बसेको बैठकमा जलस्रोत राज्यमन्त्री लगायत सम्बद्ध पदाधिकारीहरुसंग छलफल गरी उपर्युक्त कमी कमजोरीहरुलाई सच्याउन आवश्यक निर्देशन दिने कार्य गरिएको थियो ।

जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम सम्बन्धी विषयमा अध्ययन गर्दा यसमा गुरु योजनाको अभाव देखियो । प्रकोप प्रभावित क्षेत्रको स्पष्ट पहिचान पनि हुन सकेको पाइएन । पहिचान भएको ठाउंमा पनि सरकारको ध्यान त्यति पुगेको पाइएन । गुरु योजना विना जल उत्पन्न प्रकोपको लागि विनियोजित बजेट विना सर्वेक्षण र स्पष्ट प्रभाव क्षेत्रको पहिचान नगरी

Scanned by CamScanner

हचुवा किसिमले तयार गरिएको देखिन्छ । यस्ता कमी कमजोरीहरु हटाई योजनावद्ध ढंगले कार्यक्रम वनाई संचालन गर्न निर्देशन दिइएको छ ।

कृषि र सहकारीको सम्वन्धमा अध्ययन हुंदा कृषिसंग अन्तर सम्वन्ध भएका मन्त्रालय, विभाग र अन्य निकाय वीच समन्वयको अभावले पनि कृषिको विकासमा अरार परेको देखिन्छ । कृषिसंग प्रत्यक्ष सरोकार राख्ने सिंचाइको कार्यक्रम र कृषिको कार्यक्रम वीच समन्वय देखिंदैन । त्यसैगरी कृषि विभाग र कृषि अनुसन्धान परिषद वीच पनि समन्वय देखिंदैन । द्वन्दको कारण ग्रामिण क्षेत्रमा रहेका कृषि तथा पशुसेवा केन्द्रहरु विस्थापित भएका छन् । जे.टी.,जे.टि.ए.को सेवा कृषकको घरदैलोसम्म पुग्न सकेको पाइदैन । नेपाल W.T. O. को सदस्य वनिसकेको अवस्थामा आफनो Patient Right कुन कुन कुरामा लिन सकिन्छ, यसमा जति ढिला हुन्छ, त्यति नैं हाम्रो वस्तुको Patient Right अर्कोले लिइदिन्छ भन्ने कुरा तर्फ ध्यान पुऱ्याएको पाइएको छैन ।

उपर्युक्त कमी कमजोरीहरुलाई मध्यनजर गरी समितिले कृषिसंग सम्वन्धित सवै निकायहरु विच समन्वय राखी दीर्घकालीन कृषि योजना कार्यान्वयनमा कृषि तथा सहकारी मन्त्रायले सम्वद्ध सवै निकायसंग समन्वय गरी कार्यक्रम संचालन एवं कार्यान्वयन गर्ने र समन्वयको नेतृत्व कृषि तथा सहकारी मन्त्रालयले गर्ने भनी निर्देशन दिइएको थियो ।

त्यसैगरी समितिले पूर्वी तराईको सुख्खाग्रस्त जिल्लाहरु- धनुषा, महोत्तरी, सर्लाही, सप्तरी र सिराहाको स्थलगत अध्ययन भ्रमण एवं पश्चिम तराई क्षेत्रमा अवस्थित वांके, बर्दिया र दाङ जिल्लामा आएको बाढी पहिरो पीडित क्षेत्रको समेत स्थलगत अध्ययन भ्रमण गरी सो क्षेत्रका जनताहरुको गुनासोहरुलाई ध्यान दिई आवश्यक स्रोत र साधन जुटाई सहयोग उपलव्ध गराउन सम्वन्धित मन्त्रालयलाई निर्देशन दिइएको थियो ।

छोटो अवधिमा संक्षिप्त रुपले तयार गरिएको यो प्रतिवेदनमा उल्लिखित सुझावहरुको कार्यान्वयनले नेपाल सरकारको कार्य सम्पादनमा सघाउ पुग्नुको साथै नेपाली जनताको जीवन स्तर उठाउन सहयोग पुग्ने विश्वास लिएको छु ।

समितिले आफनो जिम्मेवारी अनुरुप कार्य सम्पादन गरी प्रतिवेदन तयार गर्न समितिको वैठक ३९ पटक बसी ८० घण्टा ब्यतित गरेको थियो ।

समितिको यो प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरु, विभिन्न मन्त्रालय, विभाग, कार्यालय तथा संस्थानका पदाधिकारीहरु एवं समितिका कर्मचारीहरुलाई म यस अवसरमा धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी समितिको स्थलगत अध्ययन भ्रमणमा आवश्यक सहयोग पुऱ्याउने निकाय एवं पदाधिकारीहरु र अन्य सम्वद्ध सवै प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

मितिः २०६३।८।१३

(प्रकाश ज्वाला)
अध्यक्ष

Scanned by CamScanner

# विषय- सूची


विषय

पृष्ठ संख्या

१ भूमिसुधार तथा व्यवस्था मन्त्रालय १–५
- भू - सूचना तथा अभिलेख विभाग १
- नापी विभाग १
- अभिलेख तर्फ भएका कार्यहरु २
- भू-सूचना तथा अभिलेख कार्यक्रमका समस्याहरु २
- मुक्त कमैया सम्बन्धी ३
- सुझावहरु ५

२ कृषि तथा सहकारी मन्त्रालय ६–८
- कृषि क्षेत्रमा अवलम्वन गरिनु पर्ने नीति तथा सुझावहरु ८

३ जलस्रोत मन्त्रालय ९–१७
- जलविद्युत विकासको लागि दशौं योजनाको रुपमा आएको अवधारणा ९
- दशौं योजनाको लक्ष ९
- विद्युत उत्पादन तथा आपूर्ति १०
- विद्युत प्रशारण तथा सुदृढीकरण १०
- जल विद्युतमा देखिएका समस्याहरु ११
- साना जल विद्युत तथा ग्रामिण विद्युतीकरण १२
- सामुदायिक ग्रामिण विद्युतीकरण १२
- नेपाल विद्युत प्राधिकरणले आफनो वित्तीय सुधारको लागि राखेको प्रस्ताव १२
- सिंचाई सम्बन्धी १४
- जल उत्पन्न प्रकोप व्यवस्थापन १५
- मुख्य मुख्य परिमाणात्मक लक्षहरु १५
- सुझावहरु १५

४. लोहस रसियावल खुर्दवाँध १७–२१
- मर्चवार सिंचाई योजना १८
- गण्डक नहर १९
- सुझावहरु २०

५. बाढी र सुख्खा क्षेत्रको अध्ययन सम्बन्धी २२
- बांके, बर्दिया र दाङ्गको बाढीग्रस्त क्षेत्र सम्बन्धी २२
- धनुषा, महोत्तरी, सर्लाही, र सप्तरीको सुख्खा क्षेत्र सम्बन्धी २५
- तत्कालीन रुपमा संचालन गरिएका राहत कार्यक्रम २६
- समितिको निश्कर्ष एवं सुझावहरु २८

६. राजदरवार जग्गा अध्ययन सम्बन्धी ३०–३९
- सुझावहरु ३९


Scanned by CamScanner

## परिच्छेद-१
## भूमिसुधार तथा व्यवस्था मन्त्रालय

समितिले आफ्नो विषयासित सम्बन्धित मन्त्रालय तथा सो अन्तरगतका विभाग, कार्यालय तथा संस्थानहरुको नीति, कार्यक्रम र प्रगति विवरणको जानकारी लिने सम्बन्धमा सबभन्दा पहिले भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमि सुधार तथा व्यवस्थापन विभाग, नापी विभाग, भू सूचना तथा अभिलेख विभाग र गुठी संस्थानसंग जानकारी लिएको थियो ।

प्राप्त जानकारी अनुसार भूमिसुधार कार्यालयले मोही सम्बन्धी मुद्दा र द्वैध स्वामित्व हटाउने सम्बन्धी कार्य गर्दै आएको छ भने मालपोत कार्यालयले जग्गा दर्ता, नामसारी, दाखिला-खारेज जस्ता कार्य गर्दै आएको छ ।

भूमिसुधारको सम्बन्धमा छलफल गर्दा भूमि माथिको द्वैध स्वामित्वको अन्त्य, मुक्त कमैयाको बसोबास र जीविकोपार्जनको समस्या, सुकुम्बासी समस्या, मानानीर्थ, भक्तपुरको वालकोट, काठमाडौंको सतुङ्गल लगायत विभिन्न ठाउंको छुट विर्ता र सम्पूर्ण छुट जग्गा दर्ता एवं श्री ५ र राजपरिवारका सदस्यहरुको नाममा रहेको जग्गाको विवरण बारे समितिले बढी चासो दिई सम्बन्धित विशेषज्ञहरुसंग समेत अन्तर्रक्रिया गरी छलफल अगाडि बढाएको थियो ।

### भू-सूचना तथा अभिलेख विभाग

भूमि सम्बन्धी सूचनाहरु कम्प्युटर प्रणालीमा आवद्ध गरी एकद्वार प्रणालीको माध्यमबाट जनतालाई भूमि-प्रशासन र नाप नक्सा सम्बन्धी सेवा छरितो ढङ्गले उपलब्ध गराउने उद्देश्यले भू-सूचना तथा अभिलेख विभाग गठन भएको र यसको प्रमुख काम भनेको भू-सूचना प्रणाली स्थापना गर्ने र भूमि सम्बन्धी सबै प्रकारका अभिलेख राख्ने कार्य गर्नु रहेको छ । जसलाई भू-सूचना प्रणाली भनिन्छ । यस अन्तरगत भूमि सम्बन्धी सूचना संकलन, भण्डारण, व्यवस्थापन, विश्लेषण, विकास र वितरण गर्ने काम गरेको छ तर सो कार्य अधिराज्यभर हुन सकेको देखिंदैन ।

### नापी विभाग

विभागले दिएको जानकारी अनुसार यसको स्थापना २०१४ सालमा भएको हो । २०१९ सालमा जग्गा नापजांच ऐन जारी भै २०२१ सालमा भूमि सम्बन्धी ऐन आएपछि पहिलो चरणमा तराईका केही जिल्ला र काठमाण्डौं उपत्यका भित्र नापीको कार्य शुरुवात गरी अन्तिम चरणमा अर्थात आ.व.२०५४।५५ मा हुम्ला, मुगु, डोल्पा र जुम्लामा नाप नक्सा सम्पन्न भै केही जिल्लामा दोहोऱ्याएर नाप नक्सा गर्ने काम शुरु गरिएको छ । पुरानो प्रविधिबाट भएको नाप नक्सामा शुद्धता नभएको र जग्गाको मूल्य वृद्धिसंगसंगै एक इन्च जग्गाको पनि महत्व बढेको अवस्था देखिएको र नापीको अशुद्धताले जग्गावाला बीच मुद्दा मामिला र झगडा बढेकोले यो समस्या समाधानको लागि नयां प्रविधिबाट नाप नक्सा गर्न जरुरी भएको कारण Digital Cadastre को शुरुवात गर्न थालेको देखिन्छ ।

कतिपय ठाउंमा हालसम्म जग्गावालाले व्यक्तिगत रुपमा आफनो नाममा नाप नक्सा गराउन नसकी ब्लक नापी गरी धेरै जनाको कित्ताहरुलाई एउटै कित्ता बनाई नाप नक्सा गरिएकोमा परम्परागत रुपमा भोग चलन गर्दै आएका किसानहरुलाई विभिन्न समस्या उत्पन्न भएकोले नापी विभागले भू-सूचना प्रणालीको माध्यमबाट देहायका कार्यहरु गरेको जानकारी हुन आएको छ :-

Scanned by CamScanner

(क) मालपोत कार्यालय डिल्लिवजार,चार्वाहल,कलंकी, भक्तपुर, ललितपुर र कास्कीमा हालसम्म १४,२८,२७६ कित्ताका कित्ता तथा जग्गाधनीको विवरण कम्प्यूटरमा प्रविष्ट गरिसकिएको र मालपोत कार्यालय, भक्तपुर, पोखरा र चार्वाहल, काठमाडौंमा भू-सूचना प्रणाली चालू गरेहेको । मालपोत कार्यालय कलंकी, डिल्लीवजारका सवै र ललितपुरको करिब ३ लाख कित्ता मध्ये १ लाख ५० हजार कित्ताको डाटा इन्ट्री कार्य समाप्त गरिएको र यस वर्ष मालपोत कार्यालय, डिल्लीवजार र कलंकीमा भू-सूचना प्रणाली चालू गरिने कार्यक्रम भएको । यसका साथै आ.व. २०६३।०६४ मा ३ लाख कित्ता तथा जग्गाधनीको विवरण कम्प्युटरमा प्रविष्ट गर्ने वार्षिक कार्यक्रम भएको ।

(ख) कित्तानापी तर्फ भक्तपुर नापी शाखाको २५ सीट र चार्वाहल नापी शाखाको १३० सीट गरी जम्मा ३५,९९५ कित्ताहरु Digitization गरी Spatial database गरी तयार गरिसकिएको र आ.व. २०६३।०६४मा नापी शाखा भक्तपुर र चार्वाहलको १००० सीट कित्ता नापी नक्सा Digitization गरी Spatial database तयार गर्ने वार्षिक कार्यक्रम रहेको छ ।

## अभिलेख तर्फ भएका कार्यहरु

(क) केन्द्रीय मालपोत अभिलेख डिल्लिबजार अन्तरगत पहिचान भएका कागजातहरु जस्तै लालमोहर, रुक्का दस्खत, पहाडी वन्दोवस्त, मधेस बन्दोबस्त, कौशी तोषाखाना लगत, कुमारी चोक लगत र अन्य लगनहरु गरी कूल ८४०९८ पाना स्क्यान गरी कम्प्यूटरमा राख्ने कार्य समाप्त भै बांकी पानाहरु पनि स्क्यान गरी कम्प्यूटरमा राख्ने कार्य भैरहेको छ । आ.व. ०६३।०६४ मा करिब ५०००० पाना स्क्यान गर्ने कार्यक्रम राखिएको छ ।

(ख) काठमाण्डौको २००० सालको २६५ थान नक्साका साथै काठमाण्डौं, भक्तपुर ललितपुर र काभ्रेपलान्चोक जिल्लाका ४,३८८ थान नक्साहरु १३१ वटा रोलका फिल्डबूकहरुको माइक्रोफिल्म तयारको काम सकिएको छ ।

(ग) कित्तानापी नक्साको एमोनिया प्रिन्ट संकलन कार्य अन्तरगत ७२ जिल्लाहरुको नक्साहरु संकलन गरी सकिएको र बांकी जिल्लाहरुको नक्सा संकलन गरी प्रतिलिपी तयार गरी सुरक्षित अभिलेख राख्ने कार्य यसै वर्षमा सम्पन्न गरिने भएको छ ।

(घ) बिभागमा संकलन भएको कित्ता नापीका प्रतिलिपी नक्साहरु स्क्यान गरी राख्ने कार्य अन्तरगत ५७ जिल्लाको नक्सा स्क्यान गरी कम्प्यूटरमा राख्ने कार्य समाप्त भएको र बांकी कार्य भइरहेको।

(ङ०) स्थानीय नापी शाखामा रहेका फिल्डबूकहरु स्क्यान गरी अभिलेख राख्ने कार्य अन्तरगत १३ जिल्लाको जम्मा ६,९१,४६१ पाना फिल्डबूक स्क्यान गरी सुरक्षित राख्ने कार्य समाप्त भएको र हाल दुई जिल्लामा कार्यक्रम संचालन भैरहेको ।

## भू- सूचना तथा अभिलेख कार्यक्रमका समस्याहरु

(क) भू-सूचना तथा अभिलेख सम्बन्धी कार्यक्रम संचालन गर्ने कार्यमा शुरुमा उच्चतम लगानीको आवश्यक पर्ने तर पर्याप्त मात्रामा साधन र श्रोत उपलब्ध हुन नसकेको ।

(ख) यस बिभागवाट सिफारिश गरी कार्यान्वयनको लागि उपलब्ध गराइएको प्रविधी कार्यान्वयन गर्ने मालपोत तथा नापी शाखाहरुबाट उपयुक्त कानूनी प्रावधानको अभावमा पूर्णरुपमा हुन नसकेको ।

(ग) विभागवाट सिफारिश गरिएको प्रविधी अनुसारको कार्य सम्पन्न गर्न कार्यान्वयन स्तरका मालपोत तथा नापी कार्यालयहरुमा उपयुक्त प्राविधिक कर्मचारीको अभावमा कार्यान्वयनमा नदारुकना आउन नसकेको



Scanned by CamScanner

(घ) यस विभागको कार्य प्रकृति र कार्यक्षेत्र अनुसारको संगठन तथा कर्मचारीको व्यवस्था हुन नसकेको ।
(ङ) भू-सूचना प्रणाली स्थापना भई सकेका कार्यालयहरुबाट यसै प्रणाली मार्फत सेवा प्रदान गर्ने प्रतिवद्धताको अभाव देखिएको ।
(च) कार्यक्रम संचालन भएका कार्यालयहरुलाई आवश्यक logistic Support उपलब्ध गराउने विषयमा समस्या उत्पन्न भएको ।
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भू-सूचना तथा अभिलेख विभाग, भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभाग बीच आवश्यक समन्वयको अभाव रहेको ।

**मुक्त कमैया सम्बन्धी**

सरकारी स्तरमा सबभन्दा पहिले २०५२ सालमा दाङ, बाँके, बर्दिया, कैलाली र कंन्चनपुर गरी ५ जिल्लामा रहेका कमैयाहरुको लगत लिइएको रहेछ । त्यस बेला १५,१५२ परिवारका ८३,३७५ व्यक्ति कमैया भएको उल्लेख छ । यसै क्रममा २०५७ साल श्रावण २ गते प्रतिनिधिसभा समक्ष कमैयाको मुक्तिको घोषणा गरिएको थियो । त्यसपछि लगत लिइंदा परिवार संख्या १८,४०० र जनसंख्या १,०१,५२२ हुन पुगेको थियो । २०५९ सालमा आएर मुक्त कमैयाको पहिलेको लगत छुट भएको कारण छुट विवरण माग गरियो । त्यसवेल २०७६२ निवेदन परेको र प्रारम्भिक छानविनबाट १२७६३ परिवार छुट भएको र यो संख्या १३००० भन्दा माथि पुग्ने अनुमान गरिएको देखिन्छ ।

२०५७ सालको लगत अनुसार ४,२३९ परिवारसंग केही न केही जग्गा भएको र १३४६१ परिवारसंग जग्गा नभएको यसै कुरालाई समेत ध्यानमा राखी कमैयाहरुलाई क, ख, ग र घ गरी ४ वर्गमा वर्गीकरण गरिएको पाइन्छ ।

क वर्ग - घरजग्गा विहिन ।
ख. वर्ग - ऐलानी जग्गामा घर भएका जग्गा विहिन ।
ग. वर्ग - आफ्नै जग्गामा घर भएता पनि दुई कठ्ठाभन्दा कम जग्गा भएका ।
घ. वग - आफ्नै जग्गामा घर भएका र दुई कठ्ठा भन्दा बढी जग्गा भएका ।

समितिबाट आफ्नो कार्य क्षेत्रका विषयमा छलफल, अन्तरक्रिया, नीति कार्यक्रमको कार्यान्वयनको प्रगति विवरणको समीक्षा भइरहेको अवस्थामा बाँके, बर्दिया, कैलाली र कंचनपुरका मुक्त कमैयाहरुले आफनो वसोवास र जीविकोपार्जनको लागि आन्दोलन गरे । पूर्व तयारी विना कमैया मुक्त हुदां उनीहरु दासत्वबाट त मुक्त भए तर त्यसपछि उनीहरुको वस्ने र खाने समस्या तत्कालै आइपर्‍यो । सरकारले त्यसवेला कमैया परिवारलाई ५ कठ्ठा जग्गा, घरबारको लागि प्रति परिवार रु.१०,०००।- र ३५ क्यू. फि. काठ दिने निर्णय गरेको रहेछ तर निश्चित लक्ष्यमा पुग्ने किसिमबाट कार्यान्वयन नगरेको र गरिएको काम पनि प्रभावकारी हुन नसकेकोले देहायको माग राखी उनीहरु आन्दोलनमा उत्रिएका रहेछन् ।

१ . मुक्त कमैयाहरुलाई उचित जग्गा उपलब्ध गराउने ।

२ . उच्चस्तरीय मुक्त कमैया पुनर्स्थापन आयोग गठन गर्ने ।

३ . भूमि बैंकको अवधारण खारेज गर्ने ।

४ . छुट मुक्त कमैयाहरुको परिचयपत्रको व्यवस्था गराउने ।

५ . मुक्त कमैया शिविरमा स्वास्थ्य शिविर तत्काल व्यवस्था गराउने ।



Scanned by CamScanner

यसरी आन्दोलनमा उत्रिएका कमैयाका प्रतिनिधिहरुलाई समितिमा बोलाएर भूमिसुधार तथा व्यवस्था मन्त्री, मन्त्रालयका पदाधिकारीहरु, यस सम्बन्धी जानीफकारहरु, अभियानकर्ताहरु समेतलाई सहभागी बनाएर यस विषयमा छलफल र अन्तर्क्रिया गराइयो । त्यसपछि भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई आन्दोलनकारी मुक्त कमैयासंग तत्काल वार्ता गरी मुक्त कमैयाको बसोबास र जीविकोपार्जन सम्बन्धी समस्या समाधान गर्न र गृह मन्त्रालयलाई मुक्त कमैयाहरुले आफ्नो बसोबास र जीविकोपार्जनको लागि शान्तिपूर्ण आन्दोलन गरेकोले त्यस्तो आन्दोलनमा सहभागी भएका मुक्त कमैयाहरुलाई धरपकड, थुन्ने र कुटपिट नगर्ने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गऱ्यो । त्यसपछि मन्त्रालयमा समितिका अध्यक्ष सहितका सांसदहरुको मध्यस्थतामा मन्त्रालयका पदाधिकारीहरु र मुक्त कमैयाका प्रतिनिधि बीच वार्ता गराई समस्या समाधानको लागि पहल गरिएको थियो ।

समितिबाट भएको पहलबाट मिति २०६३ श्रावण ७ गते भूमि सुधार तथा व्यवस्था मन्त्रीको कार्यकक्षमा भएको छलफलको क्रममा उल्लेखित मागको आधारमा मुक्त कमैयाको समस्या समाधान गर्न सर्वपक्षीय अधिकार सम्पन्न उच्च स्तरीय मुक्त कमैया पुनर्स्थापन आयोग गठन गरी कार्यान्वयनको लागि एक महीना भित्र भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यक कारवाही गर्ने र मुक्त कमैयाहरुले विगत केही दिनदेखि काठमाण्डौं, दाङ, बांके , बर्दिया , कैलाली र कन्चनपुर जिल्लामा संचालन गरेका सम्पूर्ण आन्दोलनको कार्यक्रम फिर्ता लिएको सार्वजनिक घोषणा गर्ने सहमति भएको थियो । अहिले मुक्त कमैया समस्या समाधान कार्य शुरु भएता पनि सरकारको पक्षबाट आवश्यक साधन र स्रोत उपलब्ध गराउन ढिलासुस्ती भएको देखिन्छ ।

तर निर्धारित समयमा सो सहमति कार्यान्वयन नभएकोले समितिको मिति २०६३।५।१५ मा बसेको बैठकले मुक्त कमैया पुनस्थापना सम्बन्धमा कमैया प्रतिनिधीहरुसंग भएको समझदारी तुरुन्त कार्यान्वयन गर्न सर्वपक्षीय उच्च स्तरीय मुक्त कमैया पुनस्थापन आयोग गठन गरी मुक्त कमैयाका समस्या तत्काल समाधान गर्न र मुक्त कमैयाका समस्या तत्काल समाधान गर्न पुन: निर्देशन दिइएकोमा मन्त्रिपरिषद्ले सचिव स्तरीय पदाधिकारीलाई आयोगको संयोजक तोकेकोले समितिको मिति २०६३।५।२१ मा बसेको बैठकले मुक्त कमैयाको समस्या समाधानको लागि बनाएको संरचनालाई पूर्णता दिने काम मन्त्री स्तरबाट पूरा गर्ने, संरचना बनाउंदा मन्त्रिपरिषद्ले निर्णय गरेको व्यक्तिको संयोजकत्वमा राजनैतिक दलका प्रतिनिधिहरु, मुक्त कमैयाका चारैवटा संस्थाका प्रतिनिधिहरु, अभियानकर्ता प्रतिनिधि, वन तथा भूसंरक्षण मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरु समावेश गर्ने र जिल्लामा जिल्ला विकास समितिका सभापतिको संयोजकत्वमा सर्वपक्षीय संयन्त्र बनाउन निर्देशन दिने र सुकुम्वासी गुठी लगायत, भूमिसम्वन्धी अन्य समस्या समाधानको लागि उच्च स्तरीय भूमिसुधार आयोग गठन गर्न सुझाव दिने निर्णय भएको थियो ।

प्रतिनिधिसभाको घोषणा, २०६३ले श्री ५ र राजपरिवारका सदस्यहरुलाई पनि करको दायरामा ल्याउने व्यवस्था गरे अनुरुप जग्गा जमिनको विवरणको अध्ययन गर्ने निधो गरी श्री ५ र राजपरिवारको नाममा रहेको रैकर, गुठी, बीर्ता लगायत सबै किसिमका जग्गाको विवरण एवं श्री ५ र राजपरिवारका सदस्यहरु संलग्न रहेको भनिएका उद्योग, कम्पनी र होटलहरुको नाममा रहेको जग्गाको विवरण माग गरिएको थियो । विवरणहरु प्राप्त भएपछि यसमाथि छलफल भै मिति २०६३।४।२८ मा श्री ५ र राजपरिवारका सदस्यहरुको नाममा रहेको जग्गा जमिनको खरिद बिक्री तत्कालै रोक्का गर्न, श्री ५ तथा राजपरिवारका सदस्यहरुको नाममा रही मोही लागेको जग्गा मोही कै नाममा दर्ता गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकारलाई निर्देशन दिएको थियो । सो निर्देशनको कार्यान्वयनमा ढिलाई भएकोले मिति २०६३।५।१५मा पुन: निर्देशन दिइयो तैपनि सो निर्देशन हालसम्म कार्यान्वयन हुन सकेको पाइएको छैन ।



Scanned by CamScanner

ललितपुर जिल्लाको गोदावरी गा.वि.स. वडा नं.५, ६ र ७ का नामाङ्ग समुदायका व्यक्तिहरुले परापूर्व कालदेखि भोग चलन गर्दै आएको करिव ६०० रोपनी जग्गा "क" वर्गको वीर्ता भएको, पाटन, सिंहदरवार, सुन्दरीजल जङ्गी अड्डा र भादगाऊं मालमा निरो निरेको समेतको व्यहोरा उल्लेख गरी अदालतको फैसला र गोदावरी गा.वि.स.को अध्ययन प्रतिवेदन समेत राखी पेश हुन आएको निवेदनको सम्वन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका पदाधिकारीहरु र ललितपुर जिल्लाका पूर्व सांसद श्री मिठाराम शर्मा समेतको उपस्थितिमा छलफल हुंदा सो जग्गा दर्ता सम्वन्धी विषयको समस्या समाधान गर्न अधिकार सम्पन्न समिति वनाउन मन्त्रालयलाई निर्देशन दिने निर्णय समेत समितिले गरेको छ ।

सुझावहरु

(१) पहिले व्यक्तिको नाममा दर्ता हुन नसकी ब्लक नापी गरेका जग्गाहरु व्यक्तिको नाममा नाप नक्सा गर्न प्राथमिकता दिने र यसमा जाँजर समाउने, किला गाड्ने जस्ता कामको लागि स्थानीय व्यक्ति र स्थानीय निकायको सहयोग लिई विनियोजित वजेटमा तोकिएको न्यून रकमवाट बढी भन्दा बढी काम सम्पन्न गर्ने ।

(२) जग्गाको केन्द्रिय अभिलेख राख्ने कार्य सकभर छिटो सम्पन्न गर्नुपर्ने । कसको कति जग्गा छ केन्द्रिय अभिलेखवाट तुरुन्त उतार गर्न सक्ने व्यवस्था मिलाउने । त्यसमा कुनै पनि व्यक्तिको देशभर रहेको जग्गाको विवरण एउटै पूर्जामा देखिने गरी राख्ने र यसमा श्रीमान र श्रीमतीको नाम संयुक्त राख्ने व्यवस्था समेत गर्ने ।

(३) वीर्ता उन्मूलन सम्वन्धी नियमावली संशोधन गरी जग्गा दर्ताका लागि छुट मोहीले पनि निवेदन दिन पाउने व्यवस्था गर्ने ।

(४) वीर्तावालको नाममा जग्गा नहुने र मोहीको नाममा मात्र जग्गा दर्ता हुने व्यवस्थाका लागि वीर्ता उन्मूलन ऐनमा संशोधन गर्न कारवाही अगाडि वढाउने ।

(५) काठमाडौको मातातीर्थ र सनुङ्गल, भक्तपुरको बालकोट लगायतका वीर्ता जग्गा तत्काल मोहीहरुको नाममा दर्ता गर्न आवश्यक कारवाही अगाडि बढाउने ।

(६) मुक्त कमैयाको समस्या समाधानको लागि मिति ०६३।४।६ मा भूमिसुधार तथा व्यवस्था मन्त्री र मुक्त कमैयाका प्रतिनिधीहरु वीच भएको संझौता वमोजिम सर्वपक्षीय अधिकार सम्पन्न उच्चस्तरीय मुक्त कमैया आयोग गठन गरी निर्धारित समयमा समस्या साधान गरिसक्ने ।

(७) भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधानको लागि एक उच्चस्तरीय भूमिसुधार आयोग गठन गर्ने ।

(८) ललितपुर जिल्ला गोदावरी गा.वि.स. वडा नं.५, ६ र ७ को जग्गा दर्ता सम्वन्धी विषयको समस्या समाधानको लागि अधिकार सम्पन्न समिति बनाई सो कार्य सम्पन्न गर्ने ।

(९) गुठी सम्वन्धी समस्या समाधान गर्न दाङ र सिन्धुपाल्चोक जिल्लावाट तत्काल कार्यक्रम प्रारम्भ गर्ने ।

(१०) चितवन जिल्ला, अयोद्धापुरी गा.वि.स.वडा नं.९ माढीको वाँदरझुलामा लामो समय अगाडिदेखि वसोवास गरेकाहरुलाई जमिन दर्ता गर्न मिल्ने भए दर्ता गरिदिने र नमिल्ने भए अन्यत्र स्थानान्तर गरी वसोवासको व्यवस्था मिलाई दिने ।



Scanned by CamScanner

## कृषि तथा सहकारी मन्त्रालय

आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित विषयको जानकारी लिने सम्बन्धमा कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग, पशुसेवा विभाग, सहकारी विभाग, खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागको कार्य र कार्य प्रगति विवरण माथि सम्बन्धित निकायका पदाधिकारीहरुबाट जानकारी लिइएको थियो ।

प्राप्त जानकारी अनुसार निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि मन्त्रालयको प्रमुख उद्धेश्य रहेको देखिन्छ । त्यसैगरी कृषि क्षेत्रको उद्धेश्य देहाय बमोजिम भएको पाइन्छ:-

(क) कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।

(ख) व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिस्पर्धात्मक बनाउने ।

ग) प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्धन एवं सदुपयोग गर्ने ।

कृषि कार्यक्रम संचालनको लागि पकेट प्याकेज रणनीति, कृषक समूह, निक्षेपण, साझेदारी, लक्षित वर्गमा केन्द्रित कार्यक्रम, कोष परिचालन, सहकारीको अवधारणाबाट साना सिंचाई कार्यक्रमको प्रक्रियागत व्यवस्था मिलाउने ।

कृषि विकासको लागि वाली विकास कार्यक्रम, बागवानी विकास कार्यक्रम, औद्योगिक वाली विकास कार्यक्रम, मत्स्य विकास कार्यक्रम, कृषि प्रसार तथा तालिम कार्यक्रम, माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम, साना सिंचाई विशेष कार्यक्रम, खाद्य पोषण तथा प्रविधी कार्यक्रम, कृषि अनुसन्धान कार्यक्रम र सहकारी विकास कार्यक्रम संचालनमा रहेका देखिन्छ ।

त्यसैगरी दीर्घकालीन कृषि योजना सहयोग कार्यक्रम, व्यवसायिक कृषि विकास तथा व्यापार प्रवर्द्धन आयोजना, खाद्यान्नबाट संचालित कृषि आयोजनाहरु, बाली विविधीकरण आयोजना, दीगो भू-व्यवस्थापन आयोजना, कृषि तालिम तथा प्रसार सुधार आयोजना, व्यवसायिक कृषि विकास आयोजना, कबुलियत वन तथा पशु विकास कार्यक्रम, सामुदायिक पशु विकास आयोजना, बर्ड फ्लू नियन्त्रण आयोजना जस्ता आयोजनाहरु वैदेशिक सहयोगमा संचालित रहेका र रेन्बो ट्राउट माछा, बेमौसमी तरकारी र काफीको खेती र स्रोत संरक्षण प्रविधी (धान र गहुं) जस्ता स्केलिङ अप कार्यक्रम समेत संचालन गरिएको देखिन्छ ।

आ.व. २०६१।६२मा कृषि वाली तर्फ अन्न वाली ७७६७००० मे.ट., दलहन २७१००० मे.ट फलफूल ५४८००० मे.ट., तरकारी २०३८००० मे.ट., आलु १७३९००० मे.ट., चिया १२५०० मे.ट. र अलैंची ६०९० मे.ट.उत्पादन भएको थियो भने पशुजन्य उत्पादन तर्फ दूध १२७४०० मे.ट., मासु २१५००० मे.ट., अण्डा ५९०१३१ गोटा र माछा ४२४६० मे.ट. उत्पादन भएको ।

मन्त्रालयले दिएको जानकारी अनुसार खाद्यान्न वालीको उत्पादन र आवश्यकताको सन् २००१ देखि २००४ सम्मको तथ्यांक :

| वर्ष | कुल उत्पादन | कुल आवश्यकता | ब्यालेन्स |
|---|---|---|---|
| २०००।०१ | ४५१३१७९ | ४४२४१९२ | ८८९८७ |
| २००१।०२ | ४५४३०९४ | ४४६३०२७ | ८००२२ |
| २००२।०३ | ४६५३३८५ | ४६१९९६२ | ३३४२३ |
| २००३।०४ | ४८८४३७१ | ४६७१३४४ | २१३०२७ |
| २००४।०५ | ४८४०३३२ | ४८८५७५३ | -४५४२१ |



Scanned by CamScanner

अझै पनि देशको ६० प्रतिशतभन्दा बढी जनता कृषिमा नै आश्रित भएका, गरिबी यसै क्षेत्रमा बढी भएको, कृषिजन्य उद्योगको लागि कच्चा पदार्थको स्रोत पनि कृषि नै रहेको अवस्थामा कृषि क्षेत्रलाई आ.व.०६३।०६४ मा ३.५१ अरब अर्थात कुल राष्ट्रिय बजेटको २.४४ प्रतिशत मात्र छुट्याइएको छ । त्यसमा पनि ६५ प्रतिशत कर्मचारीहरुको तलब भत्तामा नै जाने अवस्था रहेको देखिन्छ । कृषि क्षेत्रलाई व्यवसायीकरण गरी जनताको जीवनस्तर माथि उठाउनु पर्ने कुरालाई दृष्टिगत गरी तयार गरिएको दीर्घकालीन कृषि विकास योजना अहिले लगभग बेवारिसे अवस्थामा पुगेको देखिन्छ । यो योजना सफल बनाउन आवश्यक कृषि सामाग्री ,सिंचाई र अन्य सहयोग सेवा बीच तादात्म्यकता पनि देखिएको छैन । एकातिर योजनाले परिकल्पना गरेको लक्ष्य हासिल गर्न आवश्यक साधन र स्रोत जुट्न सकेको देखिदैन भने अर्को तर्फ कृषि विशेषज्ञहरुको पेशागत मूल्य र मान्यता र धारणामा समेत परिवर्तन आउन सकेको छैन । साना किसानलाई सर्वशुलभ रुपले ऋण उपलब्ध गराउन स्थापित कृषि विकास बैंक व्यावसायिक बैंकमा रुपान्तरण भएको छ र सो बैंक गाउंमुखीभन्दा पनि शहरमुखी भएको देखिन्छ ।

उत्पादन वृद्धि गर्ने, उत्पादित वस्तु बजारसम्म लैजाने, बजारको व्यवस्था गर्ने जस्ता कार्यमा केन्द्रित हुनु पर्ने ग्रामिण क्षेत्रका सहकारीलाई पनि कर लगाउने व्यवस्था गरिएको छ । सहकारीले उचित प्राथमिकता पाउन सकेको छैन । सहकारीको विकासको लागि गर्नु पर्ने उपाय, भगुवा सहकारीलाई नियन्त्रण गर्ने उपाय, दीर्घकालीन सहकारी योजना र सहकारी ऐनमा संशोधन जस्ता कुरामा यस समितिको २०५८ सालको प्रतिवेदनमा सुझाव दिइएको छ । सो सुझाव कार्यान्वयन गर्ने हो भने सहकारीको समस्या धेरै हदसम्म समाधान हुने विश्वास समितिको छ ।

कृषिसंग अन्तरसम्बन्ध भएका मन्त्रालय, विभाग र अन्य निकाय बीच समन्वयको अभावले पनि कृषिको विकासमा असर परेको देखिन्छ । कृषिसंग प्रत्यक्ष सरोकार राख्ने सिंचाइको कार्यक्रम र कृषिको कार्यक्रम बीच समन्वय देखिदैन । त्यसैगरी कृषि विभाग र कृषि अनुसन्धान परिषद बीच पनि समन्वय देखिंदैन । द्वन्दको कारण ग्रामिण क्षेत्रमा रहेका कृषि तथा पशुसेवा केन्द्रहरु विस्थापित भएका छन् । जे.टी.,जे.टि.ए.को सेवा कृषकको घरदैलोसम्म पुग्न सकेको पाइदैन ।

कृषि पेशा बढी दुःख र बढी जोखिम व्यहोर्नु पर्ने पेशा हो । त्यसमाथि पनि किसानलाई उत्पादन गरेपछि उचित मूल्य पाइन्छ भनेर ढुक्क हुने अवस्था छैन । अर्थात यसले राम्रो उत्पादन दिएर आय आर्जन वृद्धि गराउंछ भन्ने विश्वास किसानहरुलाई छैन । फेरि अर्को समस्या के छ भने जो खेती गर्छ उसंग जग्गा छैन, जोसंग धेरै जग्गा छ, प्रायः त्यो काम गर्दैन । यस्तो अवस्था पनि देखिन आएको छ ।

हामी W.T O को सदस्य बनिसकेको अवस्थामा आफनो Patient Right कुन कुन कुरामा लिन सकिन्छ, त्यस तर्फ ध्यान गएको पाइदैन । यसमा जति ढिला हुन्छ, त्यति नै हाम्रो वस्तुको Patient Right अर्कोले लिइदिन्छ, यस तर्फ पनि हाम्रो सतर्कता हुनु पर्ने देखिन्छ ।

खाद्य सम्प्रभुत्व जनताको नैसर्गिक अधिकार हो । २१ औं शताब्दीमा समेत नेपाली जनता भोक,रोग,अशिक्षा, गरीवी र स्रोत विहिन अवस्थामा बांच्नु नेपालको वर्तमान वास्तविकता हो । नेपाल सरकारको कृषि मन्त्रालयको दायित्व भनेको नेपाली किसानलाई जमिन, जंगल, कृषि प्रविधी, उन्नत विउ विजन, सिंचाइ र कृषि बजारको सुनिश्चितता प्रदान गरी निर्वाहमुखी कृषिलाई व्यवसायीकरण गर्ने र नेपाली जनताको खाद्य सम्प्रभुत्वताको सुनिश्चितता प्रदान गर्नु हो । त्यसैले सिङ्गो कृषि नीति वैज्ञानिक जनमुखीगत गर्न कार्तिक २२ गते नेपाल सरकार र माओवादी बिच सम्पन्न सम्झौतामा उल्लिखित खाद्यान्न संप्रभुत्वलाई संबोधन गर्ने गरी नीति तय गरिनु पर्दछ । वर्तमान कृषि नीतिले कृषिमा गरीव, विपन्न र सीमान्त जनतालाई संबोधन गर्न सकेको देखिदैन र कृषि नीति यद्यपि जमिनदारमुखी देखिन्छ । त्यसैले कृषि नीतिको दीर्घकालीन लक्ष्य जनताको खाद्य संप्रभुत्वको सुनिश्चितता गर्ने हुनु पर्दछ ।



Scanned by CamScanner

**कृषि क्षेत्रमा अवलम्बन गरिनु पर्ने नीति तथा सुझावहरु :-**

(१) कृषि उत्पादन वृद्धिका लागि कृषिमा संलग्न कृषकहरुलाई स्रोतको मालिक वनाउने गरी कृषि नीति तय गर्ने ।

(२) जमिनको स्वामित्वको आधारमा कृषकको वर्गिकरण गरी तराईमा १० कट्ठाभन्दा कम र पहाडमा १० रोपनीभन्दा कम जग्गा हुने किसानलाई कृषि उत्पादनका साधनहरुमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गर्ने ।

(३) कृषि उत्पादनका लागि अति आवश्यकीय सेवाहरु (**Agriculture support system**) लाई प्रभावकारी ढंगले जनस्तरमा पुऱ्याउन प्रभावकारी संयन्त्रको विकास गरी प्रत्येक गा.वि.स.मा सेवा केन्द्रको व्यवस्था गर्ने ।

(४) नेपालको सिंचाई प्रणाली र सिंचाई नीतिको प्रभावकारिता र कार्यान्वयनमा समेत कमजोरी देखिएकोले जन आधारित सिंचाई नीति वनाई कृषक कूलोको अवधारणा अनुसार उपभोक्ता मार्फत सिंचाई आयोजना संचालन गर्ने ।

(५) खाद्य प्रविधी र गुणस्तरको वारेमा प्रभावकारी कानूनको अभाव, प्रयोगशाला र उच्च स्तरीय जनशक्तिको अभाव देखिएको छ । उक्त खाँचो पूरा गर्न विशेष व्यवस्था गरी उपभोक्ता प्रतिको दायित्व पूरा गर्न सुझाव दिने ।

(६) कृषि अनुसन्धानको प्रभावकारिता र वजेटको समेत सन्तुलन नभएकोले त्यसको प्रभावकारी व्यवस्था गरी कृषि अनुसन्धानलाई सबै ढंगले प्राज्ञिक थलोको रुपमा विकास गरी सबै खाले आवाञ्छित हस्तक्षेप वन्द गर्ने ।

(७) कृषि विकासको लागि कृषि तथा पशु विकास समूह र ग्रामिण सहकारी संस्थाहरुलाई सक्रिय सहभागी गराई तिनीहरु मार्फत विशेष कार्यक्रम संचालन गर्ने र कृषक समूहहरुलाई पनि सहकारीमा परिणत गराउने ।

(८) कृषिसंग सम्बन्धित सबै निकायहरु वीच समन्वय हुनुपर्ने र दीर्घकालीन कृषि योजना कार्यान्वयनमा कृषि तथा सहकारी मन्त्रालयले सम्बद्ध सबै निकायसंग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने र समन्वयको नेतृत्व कृषि तथा सहकारी मन्त्रालयले गर्ने ।

(९) द्वन्द्वले विस्थापित भएका कृषि तथा पशु सेवा केन्द्रहरु पुनर्स्थापित गरी कृषि र पशु सेवाका प्राविधिकहरुलाई किसानको घरदैलोमा पुऱ्याउने वातावरण मिलाउने ।

(१०) कृषि नेपालको मूल आर्थिक आधार भएकोले नेपाल सरकारले यसको लागि विशेष कार्यक्रम बनाई लागु गर्नु पर्ने ।

(११) नेपालले आफ्नो Patient Right सुनिश्चित गर्ने सो सम्बन्धी कानून बनाउने र जैविक विविधताको प्रोफाइल तयार गरी रजिष्ट्रेशन गर्ने ।



Scanned by CamScanner

## परिच्छेद-३
## जलस्रोत मन्त्रालय

जलस्रोतका सम्बन्धमा जलस्रोत मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, सिंचाइ विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभागहरुसँग योजना,कार्यक्रम र कार्यप्रगतिको जानकारी लिइएको थियो । सगसँगै साथै जलस्रोत नीति, जल विद्युत विकास नीति, सिंचाई नीति आदिको कार्य प्रगति बारेमा पनि जानकारी लिइयो ।

विद्युत विकासको सम्बन्धमा जानकारी लिंदा के पाइयो भने विगतका चार वर्ष यसको प्रगति निराशाजनक रुपमा रहेको देखिन्छ । यस अवधिमा विद्युत विकासको गति मन्द भएको कारणले देशले लोड सेडिङ्ग व्यहोर्नु परेको, दशौं पञ्च वर्षीय योजनामा ३१४ मे.वा. उत्पादन गर्ने लक्ष्य भएकोमा हालसम्म १४ मेगावाट मात्र उत्पादन हुन सकेको, २०७१ देखि हालसम्म विद्युत उत्पादनको लागि गर्ने अनुमति लिएका २२४ मध्ये ४८ वटा वार्षिक सर्वेक्षण गर्ने अनुमति अर्थात राख्नसकेको तर प्रगति चाहि खासै नभएको अवस्था देखिन्छ ।

जलस्रोत मन्त्रालय र अन्तरगतका पदाधिकारीहरुसँग भएको छलफलको क्रममा भारतीय सीमानामा बाँध बाँधनाले तराइको सीमासँग जोडिएका बस्ती र क्षेत्रमा आउँ पर्ने डुबान समस्या र त्यसबाट जनजीवनमा पर्ने असरका सम्बन्धमा पनि ध्यान आकृष्ट भएको थियो ।

**जल विद्युत विकासको लागि दशौं योजनाको रुपमा पेश हुन आएको अवधारणा**

(१) विद्युत आपूर्तिलाई भरपर्दो बनाउन जलाशययुक्त र run of river जल विद्युत आयोजनाहरु बीच सन्तुलन कार्य गरिने र ग्राहकले धान्न सक्ने दरमा विद्युत आपूर्ति गर्न कम लागतका साना तथा मझौला जलविद्युत आयोजनाहरुको विकास गर्न जोड दिने ।

(२) साना जलविद्युत आयोजनाहरुलाई प्राथमिकताका साथ जनसहभागितामा सहकार्य तथा उपभोक्ता संस्था तथा गैरसरकारी संस्थाहरुको परिचालन गरी सन्चालन गरिने ।

(३) विद्युत विकासमा निजी क्षेत्रलाई आकर्षित गरी लगानी प्रवर्द्धन गर्न तथा निजी क्षेत्रको सहभागिता प्रक्रियालाई प्रतिस्पर्धात्मक तथा पारदर्शी बनाउन नीतिगत सुधार गरिने । विद्यमान कानुनी प्रावधानमा समेत आवश्यकताअनुसार परिमार्जन तथा सुधार गर्ने ।

(४) आयोजना कार्यान्वयनका लागि चुस्त एवं प्रभावकारी एकद्वार प्रणालीको विकासमा जोड दिइने ।

(५) विद्युत निर्यातलाई प्रभावकारी बनाउन संस्थागत एवं पूर्वाधार सुधार गरी विद्युत शक्तिलाई निर्यात योग्य वस्तुको रुपमा विकास गरिने ।

(६) ग्रामीण विद्युतीकरण कार्यक्रमलाई प्रभावकारी बनाइने ।

(७) अधिकतम विद्युत खपत गर्ने उद्योगहरु तथा यातायात सेवाको विकास गर्नुका साथै विद्युत माग व्यवस्थापनलाई प्रोत्साहित गरिने ।

(८) विद्युत विकासमा विदेशी-लगानीकर्ताको साथमा स्वदेशी लगानीकर्तालाई सहभागी गराउने नीति लिई स्थानीय पूंजी बजारबाट विद्युत क्षेत्रमा लगानी गर्न उपयुक्त वातावरण तयार गरिने ।

(९) देशको विद्युत बजारलाई हालको एकल क्रेता विक्रेता प्रणालीबाट बहुल क्रेता विक्रेता प्रणालीमा रुपान्तरण गरिने । यसको लागि नेपाल विद्युत प्राधिकरणलाई क्रमश खण्डीकरण (Unbunding) गरिने ।

**दशौं योजनाको लक्ष्य**

(१) मुलुकको कुल ऊर्जाको खपतमा विद्युतको अंश १.४ प्रतिशतबाट ३.५ प्रतिशतमा पुऱ्याइने ।



Scanned by CamScanner

(२) पन्चेश्वर, कर्णाली, सप्तकोशी जस्ता वृहत बहुउद्देश्यीय आयोजनाहरुको विकासबाट करिब २२,००० मेगावाट विद्युत निर्यात गर्ने तर्फ कारवाही बढाइने ।
(३) ४०० मेगावाट निर्यात गर्ने गरी कुल २,२३० मेगावाट विद्युतको माग आपूर्ति गर्न जलविद्युत आयोजनाहरुको निर्माण गरिने ।
(४) ६३ प्रतिशत जनतालाई राष्ट्रिय विद्युत प्रणालीबाट र ऊर्जा स्रोतबाट १७ प्रतिशत जनतालाई विद्युत सेवा पुऱ्याइने ।
(५) प्रतिव्यक्ति विद्युत खपत १८० किलोवाट घण्टा पुऱ्याइने ।

### विद्युत उत्पादन तथा आपूर्ति

दशौं योजना अवधिमा आन्तरिक विद्युत मागको आपूर्तिको लागि सार्वजनिक क्षेत्र र निजी क्षेत्र अन्तर्गत जल विद्युत आयोजनाहरुबाट कूल ३१५ मेगावाट विद्युत शक्ति जडान गरी आपूर्ति गरिने । यसमा सार्वजनिक क्षेत्रबाट १०१ मेगावाट र निजी क्षेत्रबाट २१४ मेगावाट हुने । यस अवधिमा ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जल विद्युत आयोजना र कूल ७४ मेगावाट उत्पादन गर्ने साना जलविद्युत आयोजनाहरुको (१० मेगावाट भन्दा साना) योगदान उल्लेखनीय हुने देखिन्छ ।

यस अवधिमा ४०२ मे.वा. क्षमताको अरुण-३, ३०० मेगावाट क्षमताको माथिल्लो कर्णाली, ३०९ मेगावाट क्षमताको माथिल्लो तामाकोशी, ७५० मेगावाट क्षमताको पश्चिम सेती, जलाशययुक्त एक समेतका आयोजनाहरु उल्लेखनीय रहेका छन् । यसै अवधिमा विद्युत निर्यातका लागि अगाडि बढाइएको आयोजनाको निर्माण शुरु हुने कुरा पनि योजनामा उल्लेख छ । यस अतिरिक्त अध्ययन भइरहेका जलाशययुक्त आयोजनाको सार्वजनिक क्षेत्रबाट निर्माण शुरु गरिने कुरा पनि बताइएको छ ।

आ.व. २०६१।६२सम्म जल विद्युतमा ५५६.८०० मे.वा. अर्थात कूल क्षमताको ०.६७ प्रतिशत उत्पादन भएको छ भने तापीय विद्युत केन्द्रहरुबाट ५६.७५६ मे. वा. र सौर्य शक्तिबाट १०० कि.वा. समेत गरी कूल विद्युत उत्पादन ६१३.५५७ मे.वा. पुगेको छ । सरकारी सहयोगमा मध्य मस्र्याङ्दी ७० मे.वा., हुम्लाको हेल्दुङ र मुगुको गमगाढबाट क्रमशः ५०० र ४०० कि.वा.का साथै सौर्य शक्तिबाट संचालन हुने आयोजनाहरु संचालनमा रहेका कुरा पनि जानकारीमा आएको छ ।

निजी क्षेत्रबाट विद्युत खरिद संझौता भएका मध्ये मर्दीखोला (३.१ मे.वा.), तल्लो न्यादी (४.५ मे.वा.), खुदी (३.४ मे.वा.) मैलुङ (५.० मे.वा.) दरम खोला (५.० मे.वा) बरन्ची (०.९९९ मे.वा.)तल्लो इन्द्रावती (४.५ मे.वा.), माथिल्लो मोदी खोला (१४.० मे.वा.), खुदी खोला (३.४५ मे.वा.) र शालीनदी (०.२३२ मे.वा.) जस्ता आयोजनाहरुको निर्माण कार्य भइरहेको कुरा पनि उल्लेख भएको छ ।

### विद्युत प्रसारण तथा सुदृढीकरण

दशौं योजनामा निर्माण सम्पन्न हुने जलविद्युत आयोजनाहरुबाट विद्युत खपत केन्द्रसम्म विद्युत प्रवाह गर्न, बढी परिमाणमा विद्युत निर्यात गर्न तथा प्रणालीको सुदृढीकरणको लागि विभिन्न किलोभोल्टका कूल ४३० किलोमिटर लम्बाइका प्रसारण लाइनहरुको निर्माण सम्पन्न गरिने । यसमध्ये ३०१ किलोमिटर प्रसारण लाइन सार्वजनिक क्षेत्र अन्तर्गत निर्माण हुने र यसमा १२७ किलोमिटर लामो चमेलिया(अत्तरिया) १३२ के.भी. प्रसारण लाइन, १४० किलोमिटर लामो हेटौंडा-बर्दघाट, ७५ किलोमिटर लामो खिम्ती-ढल्केबर र ४० किलोमिटर लामो हेटौंडा–थानकोट २२० के.भी. प्रसारण लाइनहरु तथा १४ किलोमिटर लामो डुम्रे-दमौली १३२ के.भी. प्रसारण लाइनको निमार्ण कार्य सरकारी क्षेत्रबाट र १२९ के.भी. प्रशारण निजी क्षेत्रबाट निर्माण हुने कुरा उल्लेख छ ।



Scanned by CamScanner

आ.व. २०६१।६२ सम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ के.भी. स्तरमा सिंगल सर्किट ११३०.२ कि.मी.,डबल सर्किट ४१३ कि.मी., ६६ के.भी. स्तरमा सिंगल सर्किट २३१.३ कि.मि., डबल सर्किट १६४.५० कि.मि. चार सर्किट ४.४४ कि.मि. र ६६ र १३२ संयुक्त प्रसारण लाइनमा २२ कि.मी. र ३३ के.भी. स्तरका २४७१ कि.मी. लाइनहरु चालू रहेका छन् । सब स्टेशन तर्फ सबै गरी १०६२ एम.भी.ए. क्षमता रहेको छ । आ.व. २०६२।६३ मा निर्माणाधिन रहेका प्रशारण लाइनहरुमा १३२ के.भी. तर्फ बुटवल-सुनौली (२५ कि.मी.) पथलैया-परवानीपुर (२० कि.मी.) र ३३ के.भी. तर्फ इलाम-फिदिम-ताप्लेजुंग (९० कि.मि.), सितलपाटी-मुसिकोट (५० कि.मि.), बुइपा-ओखलढुङ्गा (२९ कि.मी.), छिन्चु-जाजरकोट (७० कि.मि.) घोराही-होलेरी (४५ कि.मि.) र उर्दापुर-बेशीसहर-मनाङ (९० कि.मी.), डडेलधुरा-बैतडी (१४ कि.मी.) रहेको देखिन्छ । भारतसंग ५० मे.वा. सम्म विद्युत आदान-प्रदान संझौता भइरहेकोमा १५० मे.वा. पु-याउने सहमती भएको छ । यसको लागि तीन बिन्दुहरु बुटवल-सुनौली (२५ कि.मी.), परवानीपुर-वीरगंज (१५ कि.मी.) र ढल्केबार-बिर्तामोड (४५ कि.मि.) प्रसारण लाइनहरु बनाउने कुरा उल्लेख छ ।

**जल विद्युतमा देखिएका समस्याहरु:-**

(१) जल विद्युत विकास नीति २०५८ लाई कार्यान्वयन गर्ने विद्यमान विद्युत ऐन,२०४९ मा संशोधन हुन नसकेको ।

(२) एकद्वार प्रणाली लागु गरिएको भनिएता पनि सो प्रणाली सरकारी तथा निजी क्षेत्रबाट छिटो छरितो, चुस्त र प्रभावकारी हुन नसकेको ।

(३) सार्वजनिक तथा निजी लगानीकर्ताहरुबाट विद्युत उत्पादनको लागि दिइएको सर्भे लाइसेन्स अनुसार प्रशारण लाइनको अभावमा विद्युत खरिद सम्झौता हुन नसकेको र प्रशारण र वितरण प्रणालीमा पनि लगानी हुन नसकेको ।

(४) विद्युत ऐन,२०४९ ले दिएको आयकर, मूल्य अभिवृद्धि कर छुटको सुविधा आर्थिक ऐन र आयकर ऐनबाट कटौती भै लगानी कर्ताहरुलाई निरुत्साहित गरी सरकारी नीतिमा निरन्तरता नदिइएको ।

(५) विद्युत प्रणालीमा Run-of-river जल विद्युत आयोजनाको बाहुल्य भएकोले विद्युतको माग र आपूर्ति बीच भएको मौसमी असन्तुलन समस्याको रुपमा देखिएको ।

(६) नेपालको भौगोलिक विकटताले नेपालीलाई विद्युत सेवा उपलब्ध गराउन बढी खर्चिलो देखिएको ।

८३,००० मे.वा. जलविद्युत उत्पादन हुन सक्ने अनुमान भएको देशमा हालसम्म ६०० मे.वा. मात्र उत्पादन हुन सकेको छ । बढी भन्दा बढी जल विद्युत उत्पादन गरेर राष्ट्रिय आवश्यकता पूर्ति गरी विदेशमा खास गरी भारतमा निकासी गरेर आय आर्जन गर्ने लक्ष्य लिइएता पनि उत्पादनको स्थिति निराशाजनक रहेको छ । विगतका चार वर्षको अवधिमा विद्युत उत्पादन नगण्य मात्रामा मात्र वृद्धि भएको तर माग भने प्रति वर्ष ५०/६० मे.वा.का दरले वृद्धि हुँदै जाने देखिएकोले विद्युत उत्पादन वृद्धिको वर्तमान अवस्थालाई हेर्दा आगामी वर्षहरुमा ठूलो उर्जा संकट हुने र यसबाट उद्योग व्यवसायमा समेत ठूलो असर पर्ने देखिन्छ । वर्तमान अवस्थालाई हेर्ने हो भने पनि अहिलेको उत्पादनले राष्ट्रिय आवश्यकतालाई नै पूर्ति गर्न नसकी देशले लोड सेडिङ्ग खेप्नु परिरहेको छ । नेपाल विद्युत प्राधिकरणको घाटा प्रति वर्ष दुई अरब देखाइएको छ । यही क्रमले घाटा हुँदै जाने हो भने प्राधिकरण धारासायी हुने अवस्था देखिन्छ । घाटाको प्रमुख कारण भोटे कोशी र खिम्तीबाट उत्पादन भएको विद्युत विदेशी मुद्रामा दिनु परेको देखाइएको छ । उक्त आयोजनाहरुबाट उत्पादित विद्युत खरिद गर्दा प्रत्येक वर्ष कति नेपाली रुपैया लगानी गर्नु पर्छ र विद्युत वितरणबाट कति आम्दानी हुन्छ ? त्यसको स्पष्ट चित्र आउन सकेको देखिदैन । त्यसपछि प्राधिकरणको आन्तरिक



Scanned by CamScanner

व्यवस्थापनमा सुधार, चुहावट नियन्त्रण प्रभावकारी वनाउने, आफ्नो क्षमता अभिवृद्धि गरी आफ्नै क्षमता र लगानीमा नयां थप योजना वनाउने, सवारी साधन र जिन्सी सामानको खरिद र उपयोगमा मितव्ययिता अपनाउने, आवश्यकता भन्दा वढी घर टहरा नवनाउने जस्ता कुरामा ध्यान गएको देखिदैन ।

**साना जलविद्युत तथा ग्रामिण विद्युतीकरण :**

सवै जिल्लाको सदरमुकाम लगायत दुर्गम र अति दुर्गम क्षेत्रमा विद्युत सेवा उपलव्ध गराउने उद्देश्यले नेपाल विद्युत प्राधिकरण अन्तरगत साना जल विद्युत तथा ग्रामिण विद्युतीकरण विभागको स्थापना भएको हो । हाल यस विभाग अन्तरगत १८ र लिजमा संचालित ११ समेत २९ वटा साना जल विद्युत केन्द्र तथा दुई सौर्य शक्ति केन्द्रहरु संचालनमा छन् । यस वाहेक ३३ के.भी तथा सोभन्दा कम क्षमताका प्रशारण र वितरण लाइन एवं सवस्टेशनहरु यस विभागवाट निर्माण भइरहेका छन् ।

विकट भौगोलिक अवस्था, कम कार्यक्षमताका कारण संचालन र मर्मतको कठिनाईले गर्दा प्राप्त सवै जसो केन्द्रहरुवाट प्राप्त हुने राजश्वभन्दा मर्मत संभार खर्च वढी भै आ.व.०६१।६२ मा मात्र ७ करोड ४४ लाख घाटा भएको भन्ने जानकारी प्राप्त भएको छ । घाटा परेको भन्दैमा सामाजिक जिम्मेवारीवाट पन्छिन नमिल्ने र भइरहेका योजनाको मर्मत संभार र संचालन मात्र गरेर अरु क्षेत्रलाई वास्ता नगर्न पनि मिल्ने देखिएन । तसर्थ संचालनमा आएका केन्द्रहरुलाई लीजमा दिन वा स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्ने भन्ने विद्युत प्राधिकरणको प्रस्ताव रहेको छ । समष्टिगत रुपमा हेर्दा यस विभागको कार्यक्षेत्रको खास Orientation साविकको small Hydro Generation मा मात्र सीमित नरही Grid Extension को माध्यमवाट समेत ग्रामिण विद्युतीकरण गर्ने तिर ढल्केको पाइन्छ । वदलिदो परिप्रेक्षमा यस विभागको कार्यक्षेत्रलाई पुनः परिभाषित गरी यसबाट गरिने कार्यहरुलाई वढी Effective र प्रतिफलमूलक बनाउनु पर्ने देखिन्छ ।

**सामुदायिक ग्रामिण विद्युतीकरण**

नेपाल विद्युत प्राधिकरण अन्तरगतको अर्को विभाग हो सामुदायिक ग्रामिण विद्युतीकरण विभाग । यसको उद्देश्य समुदायलाई विद्युत उत्पादन वितरण र नियमन प्रति प्रोत्साहित गरिनु रहेको छ । यसमा समुदाय, सहकारी वा उपभोक्ता समिति गठन गरेर साना जल विद्युत योजना कार्यान्वयन गरिन्छ भने सरकारले ८० प्रतिशत अनुदान दिने र समुदायले २० प्रतिशत व्यहोर्ने व्यवस्था भएको देखिन्छ । यसमा २० प्रतिशत रकमको योगदान नभएमा प्रति कि .वा. १० पैसा लीज दस्तूर तिर्नु पर्ने प्रावधान पनि रहेको देखिन्छ । जुन कार्यको लागि २००५ सम्म ३९१ वटा प्रस्ताव प्राप्त भएकोमा १७६ वटा स्वीकृत भएको र यस मध्ये १३० वटामा संम्झौता भै २३ वटा आयोजना संचालन र संभारको लागि हस्तान्तरण भैसकेको देखिन्छ ।

समुदायिक विद्युतीकरण कार्यक्रमवाट विद्युत चुहावट १०-१२ प्रतिशतमा रहने, राजश्व वढ्ने र ओभरहेड खर्च घट्ने अपेक्षा गरिएको छ ।

यो योजना प्रति उपभोक्ताहरुको आकर्षण वढेको देखिन्छ तापनि यस्तो योजनालाई खास गरी अति दुर्गम र दुर्गम क्षेत्रको लागि प्राथमिकता दिनु पर्ने देखिन्छ । तथापि अति दुर्गम क्षेत्रका वासिन्दाले २० प्रतिशत रकम व्यहोर्न नसक्ने अवस्था भने यसमा पनि समस्याकै रुपमा देखिएकोछ ।



Scanned by CamScanner

**नेपाल विद्युत प्राधिकरणले आफ्नो वित्तीय स्थिति सुधारको लागि राखेको प्रस्ताव**

(१) सरकारसंगको ऋणको व्याजदर पुनरावलोकन र अनुदानमा निर्माण हुने आयोजनाको पूजीकरण:

अर्थ मन्त्रालय, जलश्रोत मन्त्रालय, म.ले.नि.का. तथा ने.वि.प्रा.को संयुक्त कमिटीले विस्तृत अध्ययन गरी हालको व्याज दर १०.२५ प्रतिशतबाट ७ -८ प्रतिशतसम्म घटाउन सिफारिस सहित प्रतिवेदन पेश भै सकेको । वैदेशिक श्रोतबाट हुने ऋणमा व्याजदर ८ प्रतिशत कायम गर्ने गरी हालसालै मन्त्रिपरिषदबाट निर्णय भएको र अन्यको ६.५ प्रतिशत व्याजदर कायम हुने निर्णय भएको । सरकार तथा ने.वि.प्रा. बीचको ऋण तथा शेयर लगानी हिसाब मिलान वैदेशिक अनुदानमा बनेको आयोजनाहरुमा सीमित प्रतिस्पर्धाको कारणले आयोजनाको लागत बढी हुन जाने हुदा मूल्यांकन गरी पूजीकरण गर्ने, ग्रामीण विद्युतीकरण जस्तो ने.वि.प्रा.लाई Financial Return हुन नसक्ने क्षेत्रको लगानी शेयरमा परिणत हुनु पर्ने आदि विषयहरु समेत उक्त प्रतिवेदनमा रहेको छ । २०४६ सालमा यसको लगानीमा ५० प्रतिशत कायम गरी पूजीकरण गर्ने निर्णय भएकोले अनुदान मार्फत प्राप्त लगानीको पूंजीकरण ५० प्रतिशतमा कायम हुनु पर्ने प्रस्तावमा छ ।

(२) विद्युत रोयल्टी हिसाब गर्ने प्रकृयामा पुनरावलोकन गर्ने, विद्युत ऐन अनुसार विद्युत उत्पादन Generation Point मा रोयल्टी लाग्ने व्यवस्था रहेकोमा नेविप्रा उत्पादनमा ग्राहकले तिर्ने विद्युत दरमा रोयल्टी लाग्ने भएको । यसबाट नेविप्रालाई थप आर्थिक भार पर्न गएको । निजी क्षेत्रहरुले जस्तै Generation point को price मा हिसाब गरी रोयल्टी तिर्ने व्यवस्था हुन नेविप्राबाट विद्युत विकास विभागलाई सो अनुसार हुन अनुरोध भई हाल जलश्रोत मन्त्रालयमा कारवाही भैरहेको समेत जानकारी दिइएको छ ।

(३) टनकपुरबाट प्राप्त विद्युतको दर निर्धारण:

टनकपुरबाट नेपाललाई विना मूल्य प्राप्त हुने ७ करोड युनिट विद्युत विगत ६ वर्ष देखि नेविप्राले प्राप्त गरिरहेको । हालसम्म मूल्य निर्धारण नभएबाट हिसाब राख्न असजिलो भैरहेकोले उचित मूल्य निर्धारण हुन नेविप्रा संचालक समितिबाट औषत उत्पादन मूल्य अनुसार मूल्य कायम हुन जलश्रोत मन्त्रालयमा अनुरोध गरिएको ।

(४) ने.वि.प्रा.को २०५८।०५९ को आयकर निधारण गर्दा आयकर ऐन २०५८ को परिच्छेद-५ को दफा १४ प्रयोग गरी सरकारलाई तिरेको व्याज समेत छुट नभएको । यसबाट नेविप्राको नगद प्रवाहमा गम्भीर असर पर्न जाने भएकोले सरकारबाट यस सम्बन्धमा छिटो निर्णय हुन अति आवश्यक भएको ।

(५) विद्युत विक्री दर समायोजन:

ने.वि.प्रा को हालको विद्युत विक्रीको औषत प्रति युनिट रु.७।७० रहेको र विक्री मूल्य औषत प्रति युनिट रु.६।७६ रहेको कारणले विगत ३ वर्ष देखि ने.वि.प्रा घाटामा संचालन भैरहेको छ । विगत ४ वर्ष देखि विद्युतको मूल्य समायोजन नभएको, ने.वि.प्रा. ले पटक पटक विद्युत मूल्य समायोजन गर्न विद्युत महशुल निर्धारण आयोगमा निवेदन पेश गरेको । विद्युत विक्री समायोजन सम्बन्धमा दातृ संस्थाहरुबाट पनि निरन्तर ताकेता भैरहेको ।

(६) सडकबत्ती महशुल बापत नगरपालिकाहरु र गा.वि.स.हरुसंग उठाउन बांकी बक्यौता करिब १ अर्ब रहेको छ । अथक प्रयासको बावजुद सडक बत्ती बक्यौता असुलीमा खासै प्रगति हुन सकेको छैन । त्यस्तै विद्युत महशुल बापत सरकारी बक्यौता पनि करिब रु. ३६ करोड पुगेको छ ।

(७) वर्तमान न्यून विद्युत सप्लाईको स्थितिलाई मध्यनजर गरी नेविप्राले विभिन्न विद्युत उत्पादन आयोजना एवं प्रशारण आयोजनाहरु कार्यान्वयनमा ल्याउन उत्पादन तथा



Scanned by CamScanner

प्रशारण योजनाहरु पेश गरेको र यसको लागि आवश्यक पूंजी व्यवस्था हुन सरकारलाई अनुरोध गरेको, माथिल्लो तामाकोशी (३०९ मे.वा.) माथिल्लो त्रिशूली (५० मे.वा.) चमेलिया (३० मे.वा) र कुलेखानी तेश्रो (१४ मे.वा.) को विद्युत उत्पादन आयोजना स्थानीय श्रोतबाटै निर्माण गर्न शुरु भैसकेको छ।

## सिंचाई

सिंचाई तर्फ आ.व. ०६१।६२ मा सरकारी स्तरबाट १० हजार ५ सय १३ हेक्टर, कृषि विकास बैंकबाट संचालित आयोजनाहरुबाट ८ सय १२.५ हेक्टर कृषि योग्य जमिनमा सिंचाई सुविधा पुग्न गएको उल्लेख छ। आ.व. ०६२।६३ को प्रथम आठ महिनामा सरकारी स्तरबाट ४ हजार ३ सय ३३ हेक्टरमा र कृषि विकास बैंकबाट संचालित आयोजनाहरुबाट १ सय ३२.५ हेक्टर गरी ४ सय ६५.५ हेक्टरमा सिंचाई सुविधा पुगको पनि जनाइएको छ।

**दशौं योजनाको लक्ष्य:**

(१) देशमा विद्यमान जलस्रोत उपयोग गरी सिंचाइयोग्य जमिनमा वर्षैभरी सिंचाइ सुविधा उपलब्ध गराउन विद्यमान सिंचाई प्रणालीको व्यवस्थापन सुदृढ गर्नुका साथै थप पूर्वाधारको विकास गर्न आवश्यक पूर्वाधारहरुको विकास गर्ने।
(२) कृषक सहभागितामूलक अवधारणा अनुरुप विकसित सिंचाई प्रणालीहरुको दिगो व्यवस्थापन गर्न कृषक उपभोक्ताहरुको संस्थागत विकास गर्ने।

यस अतिरिक्त सुनसरी मोरङ्ग सिंचाइ आयोजनाबाट १०,००० हेक्टरमा कमान्ड क्षेत्र विकास गरिने तथा विभिन्न सिंचाइ आयोजनाहरुमा क्रियाशील जल उपभोक्ता संस्थाको संगठन सुद्धीकरण गर्ने एवं अति आवश्यक संरचनाहरुको पुन: निर्माण तथा सुधार गरी कृषक उपभोक्ताहरुलाई ३७,००० हेक्टरमा संरचनाहरु सालवसाली मर्मत सम्भार र संचालनको लागि हस्तान्तरण गरिने। भूमिगत सिंचाइ आयोजना कार्यक्रम अन्तरगत नयां डिप र स्यालो ट्युबवेलको साथै सफल अन्वेषण ट्युबवेललाई सिंचाइ ट्युबवेलमा परिणत गरिने कुरा पनि योजनामा उल्लेख छ।

सिंचाई विभागको कार्यक्रमको सम्बन्धमा अध्ययन हुदा सिंचाई योजना सिंचाईको उद्धेश्य अनुरुप छनौट हुन सकेको पाइदैन र सिंचाइ आयोजनाहरुको प्रगति विवरण त्यति सन्तोषजनक देखिदैन। सिंचाई सम्बन्धी योजना र कार्यक्रम बनाउंदा र कार्यक्रम कार्यान्वयन गर्दा सिंचाईसंग सम्बन्धित अन्य मन्त्रालय, विभाग र निकायहरुसंग समन्वय हुन सकेको पाइएन। सरकारको ध्यान ठूला सिंचाई योजना प्रति मात्र गएको देखिन्छ। तत्काल कृषकलाई राहत पुग्ने, कृषि उत्पादन वृद्धि र राष्ट्रिय आयमा सघाउ पुग्ने आयोजनामा भने त्यति ध्यान गएको देखिदैन। यसको मतलब ठूला आयोजना हामीलाई आवश्यक छैन भन्ने होइन। ठूला आयोजना पनि हाम्रो देशको खास गरी तराई क्षेत्रमा आवश्यक छ। जस्तो कमला डाइभर्सन निर्माण गरी कमला नदीबाट सिंचाई सुविधा उपलब्ध गराउन सकिने हो भने यसको पानीले पश्चिममा वीरगंन्जसम्म सिंचाई सुविधा पुग्न सक्ने देखिन्छ।

सिंचित क्षेत्रको सम्बन्धमा कृषि मन्त्रालय र सिंचाई विभागको तथ्यांक मिलेको पाइदैन। जहां सिंचाई कार्यक्रम जान्छ, त्यहा कृषिको कार्यक्रम पनि संगै जानु पर्छ। त्यसको लागि पनि कृषि विभाग र सिंचाई विभाग वीचको समन्वय अति जरुरी देखिन्छ। कृषि योग्य र कृषिले सिफारिश गरेको ठांउमा सिंचाई सुविधा पुऱ्याउने हो भने उत्पादन अझ बढ्न सक्ने देखिन्छ।



Scanned by CamScanner

## जल उत्पन्न प्रकोप व्यवस्थापन

### उद्देश्य

भूक्षय, बाढी पहिरो तथा गेग्रान वहाव जस्ता जल उत्पन्न प्रकोपहरुबाट जन, धन, कृषि योग्य भूमि तथा विकासका पूर्वाधारहरुमा वर्षेनी हुने क्षति नियन्त्रण तथा व्यवस्थापन गरी गरिबी निवारण तथा दिगो विकासमा टेवा पु-याउने लक्ष्य लिई उपयुक्त एवं सस्तो प्रविधीको विकास, विस्तार तथा सूचना प्रवाहको साथै यस्ता प्रकोपहरुबाट जनसमुदाय सुरक्षित रहने क्षमताको अभिवृद्धि गर्नु प्रमुख उद्देश्य रहेको देखिन्छ।

### मुख्य मुख्य परिमाणात्मक लक्ष्यहरु

जल उत्पन्न प्रकोप नियन्त्रणका क्रियाकलापहरुसंग सम्बन्धित मुख्य मुख्य लक्ष्यहरु निम्न प्रकार भएको जानकारी सम्बन्धित विभागबाट प्राप्त भएको छ।

(१) जल उत्पन्न प्रकोप व्यवस्थापनको नीति, कानून, नियमावली र दिग्दर्शनको तर्जुमा गर्ने।
(२) बाढी, पहिरो, गेग्रान वहाव र हिमताल विष्फोटनबाट हुने जोखिम क्षेत्रको सूचीकृत र वर्गीकृत नक्साङ्कन गर्ने।
(३) बाढी, पहिरो, गेग्रान वहाव र भूक्षयबाट भएको क्षतिको न्यूनीकरण र रोकथाम गर्न नमूना निर्माण आयोजनाहरु संचालन गरी उपयुक्त प्रविधीको विकास र विस्तार गर्ने। नेपाल सरकारका सम्बन्धित निकायका प्राविधिकहरुलाई जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने।
(४) बाढी तथा जल प्रवाहको जानकारी संकलन र सूचना प्रसारण, पूर्व सूचना प्रणालीहरुको स्थापना तथा जनसमुदायको चेतना अभिवृद्धि गर्न उपयुक्त कार्यक्रम संचालन गर्ने।
(५) जल उत्पन्न प्रकोपबाट क्षति भएका विकासका पूर्वाधारको पुनः स्थापना तथा आकस्मिक राहत कार्यमा सहयोग पु-याउने।
(६) जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यसंग सम्बन्धित निकायहरु बीच समन्वय गर्ने।
(७) नेपाल भारत सीमा क्षेत्रमा हुने डुवान समस्यासंग सम्बन्धित समिति/उपसमितिलाई प्रभावकारी बनाउने।

जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम सम्बन्धी विषयमा अध्ययन हुंदा के पाइयो भने यसमा गुरु योजनाको अभाव देखियो। प्रकोप प्रभावित क्षेत्रको स्पष्ट पहिचान पनि हुन सकेको पाइएन। पहिचान भएको ठाउंमा पनि सरकारको ध्यान त्यति पुगेको पाइएन। गुरु योजना विना जल उत्पन्न प्रकोपको लागि विनियोजित वजेट विना सर्वेक्षण र स्पष्ट प्रभाव क्षेत्रको पहिचान नगरी हचुवा किसिमले तयार गरिएको देखिन्छ।

### सुझावहरु

(१) सामुदायिक उपभोक्ता समिति गठन गरी संचालन गरिने साना जल विद्युत आयोजना बढी लोकप्रिय भएकोले यसको स्वीकृति प्रक्रिया सरल र छिटो बनाउन जिल्ला स्थित कार्यालयहरुबाट स्वीकृति दिने व्यवस्था गरिनु पर्ने।
(२) जल विद्युत विकास नीति २०५८ को प्रभावकारी कार्यान्वयनको लागि जलविद्युत ऐन २०४९ लाई समय सापेक्ष बनाउन आवश्यक देखिएको छ। जसअनुसार जल विद्युत विकासमा अवरोध पुऱ्याउने वातावरण संरक्षण ऐन, वन ऐन र आर्थिक ऐनका केही प्रावधानहरुमा समेत संशोधन गरिनु पर्ने।



Scanned by CamScanner

(३) ग्रामिण विद्युनीकरणका लागि आवश्यक ३३ के.भी. र सो भन्दा कम क्षमताका प्रशारण र वितरण लाइनहरु तथा सबस्टेशनहरुको निर्माण तथा संचालन गर्ने । आवश्यकता अनुसार यस्ता लाइनहरुबाट हुने ग्रामिण विद्युनीकरण कार्यलाई प्रोत्साहन गर्ने ।

(४) ५ मेगावाट वा सो भन्दा कम जडित क्षमता भएका विद्युत केन्द्रहरुको संचालन सम्भार तथा आवश्यकता अनुसार सो केन्द्रहरुबाट ग्रामिण विद्युनीकरण कार्य समेत यसै विभागले गर्ने ।

(५) विभाग अन्तर्गत घाटामा संचालित ग्रिडसंग जोडिएका Isolated विद्युत केन्द्रहरुलाई तोकिएका मापदण्ड बमोजिम लिजमा वा उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने र हस्तान्तरित केन्द्रहरुको अनुगमन गर्ने । साथै केही समयदेखि बिग्रिएर थन्किएका साना जलविद्युत विकास केन्द्रहरु जस्तै भुप्रा खोला, वंचरे खोला, वागलुङ्गलाई समेत उपयुक्त किसिमले लिजमा दिने व्यवस्था गर्ने ।

(६) देवघाट र नारायण घाटको बीचको जलविद्युत र सिंचाई दुवै उद्देश्यले उपयोगी सप्त गण्डक बहुउद्देश्यीय योजना संचालनको लागि कारवाही अगाडि बढाउन पनि उपयुक्त देखिन्छ ।

(७) मुलुकमा आउन सक्ने उर्जा संकटलाई समाधान गर्न विद्युत उत्पादनमा सरकारी लगानी मात्रै अपर्याप्त हुने भएकोले निजी क्षेत्रलाई समेत विद्युत उत्पादनको क्षेत्रमा आकर्षित गर्न विद्युत ऐन,२०४९ले लगानीकर्ताहरुलाई दिएको कुनै पनि सुविधा कटौती नगर्ने ।

(८) जलस्रोतको विकासको लागि विद्युत सम्बन्धी मस्यौदा भइरहेको विधेयक यथाशीघ्र प्रतिनिधिसभामा ल्याउने ।

(९) लोडसेडिङ्गको अवस्था हटाउने उपायहरुको खोजी गर्न, विद्युत चुहावट नियन्त्रण गर्न, साधन र स्रोतको दुरुपयोग रोक्न, विद्युत महसूलको बक्यौता कडाइका साथ असूल गर्न र संरचनागत सुधार गर्न नेपाल विद्युत प्राधिकरणलाई सुझाव दिने ।

(१०) सरकारी निकाय, राजदरवार, सेना, प्रहरी र स्थानीय निकायहरुले नेपाल विद्युत प्राधीकरणलाई विद्युत सेवा उपलब्ध गरे, गराए बापत तिर्न बांकी विद्युत महसूल यथाशीघ्र बुझाई सामान्य न्यायिक सिद्धान्तको आधारमा सर्वसाधारण जनता माथिको भार कम गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(११) आवधिक योजनामा विद्युत उत्पादनमा जोड दिई बढी खपत गराउने लक्ष्य राख्नु पर्ने ।



Scanned by CamScanner

## परिच्छेद-४
## लोटस रसियावल खुर्दवांद

यस समितिको मिति २०५८।४।१८ मा बसेको बैठकले त्यस बेलामा भारतले निर्माण गर्दै गरेको लोटन रसियावल खुर्द बांदबाट नेपालको कृषि र सिंचाई क्षेत्रमा पर्न सक्ने असर र गण्डक नहरको समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्णय गरेअनुसार मा.श्री चित्रबहादुर के.सी.को नेतृत्वमा डा.मा. श्री गोपालप्रसाद कोइराला, मा.श्री वीरवहादुर लामा र मा. श्रीमती कुन्ता शर्मा सहितको टोलीले मिति २०५८।४।२० देखि ऐ.२१ सम्म रुपन्देही जिल्लाको मर्चवार क्षेत्रको लोटन रसियावल खुर्द बांध, मर्चवार सिंचाई योजना र गण्डक नहरको समेत स्थलगत अध्ययन गरेको थियो ।

अध्ययनको क्रममा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी, सिंचाई कार्यलयका प्रमुख र ईन्जिनियर, विभिन्न राजनैतिक दलका स्थानीय नेताहरु, स्थानीय निकायका पदाधिकारी एवं पत्रकारहरुसंग छलफल गरी जानकारी लिने काम गरेको थियो ।

त्यसैगरी गण्डक नहरको स्थलगत निरीक्षणको क्रममा जिल्ला सिंचाई कार्यालय, नवलपरासीका ईन्जीनियर धर्मराज न्यौपानेले नहरको वस्तुस्थितिको जानकारी गराई स्थलगत भ्रमण समेत गराउनु भएको थियो ।

मर्चवार क्षेत्र भारतको पूर्व, पश्चिम र दक्षिण गरी तीन तिरवाट भारतीय सीमाना संग जोडिएको छ । यसको पूर्वपट्टि डण्डा नदी र पश्चिमतर्फ तिनाउ र दानव नदी पर्दछ। भारतमा पुगेपछि डण्डा नदीलाई घोंघी नदी र दानव नदीलाई कुंडा नदी भनिदोरहेछ । यी दुवै नदीको वीचको दुरी ५ देखि १० कि.मि. रहेको छ । भारतले लोटन देखि कनौली (नेपाल भारत सीमा नजिक अर्थात ३१ नं. पिलरवाट ५० मी. को दुरीमा रहेको ) सम्म १० कि.मी. वांध त्यसवेला नै निर्माण गरिसकेको रहेछ । सो वांधलाई विकसित गरी सडक विकासको काम पनि भइरहेको थियो । कनौली देखि २.५ कि.मी. पश्चिममा रसियावल खुर्द(रामनगर) पर्दछ ।

यसमा कनौलीदेखि रसियावल खुर्दको वीच भाग जोड्न वांकी रहेको कारण आ.व. २०५७।५८सम्म यो भाग खुला भएकोले वाढीको पानी यी दुई वांधको वीचवाट जाने गरेको थियो । मर्चवार क्षेत्र समथर भै दक्षिणतर्फ ढल्केको भएतापनि जमिन पश्चिमवाट पूर्व तर्फ होचो हुँदै गएको, दक्षिण पूर्व तर्फ ठाउंठाउंमा होचो भूमि रहेको र त्यसमा पनि दानव नदीको सुसुप्त अवस्थामा रहेको पुरानो course (कोर्ष) पनि रहेको ।

भारतले हाल खुल्ला रहेको कनौली देखि रसियावल खुर्दसम्म लिंक वांध निर्माण गरिरहेको थियो । बांधको उचाइ २.५ देखि ६ मीटर सम्मको थियो । यस वांधमा ३.२ मी. स्पानको दुइ वटा पूल डेक लैभल सम्म वनाई एक स्ल्याव कल्भर्ट एण्ड ह्यूमपाईप C-D Works समेतको निर्माण गरेको थियो ।

नेपालवाट भारततर्फ वहने डण्डा र दानव नदीहरुलाई समेत थुन्ने गरी भारतले निर्माण गरिरहेको लोटस रसियावल खुर्द वांधले नेपालवाट Sheet flow भई वग्ने पानीको निकास वन्द भै वर्षादको समयमा नेपालको पिपरहवा, पिपरहवा टोल, भदौली थुम्हवा दुवे, थुम्हवा वावू, तरैनी, गुलरिहा, वनगहवा, मुडिला, मजिगवा, वनगाई, वरेवासी, पिपरी करौना, वर्न्सिडिहा हरवरहवा, पर्कडिहवा गणेशपुर लगायत १३ व.कि.मी मा डुवान समस्या भएको कुरा जिल्ला सिंचाई कार्यालय रुपन्देहीले जानकारी दिएको थियो । यसवाट मानव वस्ती र कृषि वालीलाई ठूलो क्षति पु-याएको र यो वांधले नेपालको मर्चवार सिंचाई योजनालाई पनि प्रभावित पारेको देखियो । डुवान समस्या समाधानको लागि नेपाल र भारत वीच गठन भएको The Standing Committee on Inundation Problem between Nepal and India (SCIP) को गठन भै समय समयमा वैठक



Scanned by CamScanner

वस्दै आएको र १-५ नोभेम्वर १९९९ मा काठमाण्डौमा वसेको दशौ वैठकमा भारतीय पक्षले निम्न कुरा उठाएको कुरा पनि जानकारी दिइएको थियो :-

"नेपाल वा भारततर्फ वहने दुइ वटा नदीहरु डण्डा तथा दानव नदीमा भारतद्वारा लोटन देखि नेपाल सिमासम्मको सडक करिव १० कि.मी.लाई वांधको रुपमा पनि विकसित गरिएको र दानवमा समेत तटवन्ध निर्माण गरिएको । नेपाल सिमानाको नजिक भारतको रसियावल खुर्द भन्ने स्थानमा यी दुई नदीको तटवन्ध जोड्ने लिंक तटवन्ध निर्माण भई रहेको । नेपाल-भारत सीमावाट करिव ५०० मी दक्षिण सिमानाको समानान्तर भएर यो लिक तटवन्ध वनिरहेको थियो । यसको निर्माण भैसकेपछि नेपालवाट Sheet flow भई वग्ने पानीको निकास वन्द हुने हुनाले नेपालमा वाढीको स्थिति उत्पन्न हुने सम्भावना देखिएको । यस निर्माणाधिन वांधवाट नेपाललाई हुन सक्ने असरको वारेमा अविलम्व विस्तृत अध्ययन हुन जरुरी देखिएको उल्लेख छ । यसमा SCIP वाट "Committee decided that the contact officers should examine the problem and submit a joint report to the respective member secretary at the earliest possible" भन्ने निर्णय पनि भएको थियो । तर भारतीय पक्षको contact officer उक्त क्षेत्रमा भ्रमण गर्ने भनी तय गरिएको मितिमा उपस्थित नभएको कारण उक्त संयुक्त साइट निरीक्षण हुन नसकेको, त्यसपछि SCIP को ११ औं वैठकमा पनि सोही कुराहरु उठाई सम्पर्क अधिकृतहरुद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने निर्णय गरिएता पनि भारतीय पक्षवाट एकतर्फी रुपमा वांधको निर्माण गरिएकोले समस्या जटिल वनेको कुरा पश्चिमान्चल क्षेत्रीय सिंचाई निर्देशनालय, पोखरावाट २०५८ साल आषाढमा प्रकाशित प्रतिवेदनमा जनाइएको थियो ।

सिमावर्ती क्षेत्रमा भएका र हुन सक्ने डुवान सम्वन्धी समस्याहरुको SCIP मा छलफल भई नेपाल भारत विच सहमतिको आधारमा मात्र काम कारवाही गर्नु पर्नेमा संयुक्त निरीक्षण नगरिदै र नेपालको सहमति नभइ यस लोटन रसियन खुर्द वांधको निर्माण भारतले एक पक्ष रुपमा गरेको थियो । यसवाट भारतले हेल्सिन्की अभिसन्धी १९६६ General rules of International Law, Convention on the law of the Non–Navigational of International water curses 1997 जस्ता अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरेको देखिन आएको छ ।

**मर्चवार सिंचाई योजना**

५६०० हेक्टर जमिनमा सिचाई सुविधा उपलव्ध गराउने उद्देश्यवाट सन् १९८३ मा निर्माण सम्पन्न भएको मर्चवार सिंचाई योजनाले २,८०० हेक्टरमा सिंचाई सुविधा पुऱ्याएको थियो । लिफ्ट इरिगेशन सिष्टम अनुसार सिंचाई गरिने यो योजनामा विद्युत खर्च वार्षिक ९ लाख लाग्ने र पानी पोत डेढ लाख मात्र उठेको जानकारी समेत अध्ययनको क्रममा पाइयो ।

**समस्याहरु**

१. भारतले पहिले पूर्वाधारको रुपमा वाटो वनाई त्यसमा पछि माटो थप्दै कुण्डा देखि घोंघीसम्मको K=G वांध पूरा गरिसकेपछि भारतको केही भूभाग सहित नेपालका पिपरहवा, पिरहवा टोल, भदौली धुम्हवा दुवे, धुम्हवा वावू, तरैनी, गुलरिहा, वनगहवा, मुङिला, मजिगवा, वनगाई, वरेवासी, पिपरी करौता, वन्सिङिहा हरवरहवा,पकडिहवा गणेशपुर लगायत १३ व.कि.मी क्षेत्र डुवानमा पर्ने र त्यसवाट मानव वस्तीलाई प्रभाव पारी कृषि वाली नष्ट हुने स्पष्ट देखियो । वांध निर्माण



Scanned by CamScanner

भएको कारण यस वर्ष कुन कुन क्षेत्रमा के कति नोक्सानी भयो मापनीय तथ्यांकहरुको अभाव र प्राविधिक सूचनाको अभावले यकिन गर्न सकिएन । कृषि तथा सहकारी मन्त्रालयसंग मिति २०५८।४।२३ मा डुबानमा परेको क्षेत्रफल र क्षति भएको बालीहरुको नोक्सानी विवरण माग हुंदा प्राप्त हुन सकेन ।

२. नेपाल र भारत वीच डुवान समस्या समाधानको लागि संयुक्त स्थायी समिति SCIP को स्थापना भएको तर SCIP को निर्णय र अन्तराष्ट्रिय कानूनको उल्लंघन भएको ।

३. पानीको सतह देखि ६ मिटरसम्म सिंचाई भएको वांध निर्माणले नेपालवाट SHEET Flow भै वग्ने पानीको निकास वन्द हुंदा जुन ठाउंमा जमिन कमजोर छ, त्यही ठाउंको माटो काटी नदीले बाटो वदली गाउं वस्तीहरुमा वाढीको प्रकोप भै धनजनको क्षति हुन जाने देखिएको ।

४. नेपाल भारत सीमा क्षेत्रमा भारत सरकारले परियोजनाहरु संचालन गर्दा डिजाइन, ड्इङ्ग लगायतका तथ्यांक र सूचनाहरु दिने गरेको नपाइएको । त्यसै गरी नेपालबाट पनि भू-सूचना, कृषि उत्पादन, जमिनको उचाइं नोक्सानीको विवरण वारेको सूचनाहरु उपलब्ध हुन नसकेको ।

५. भूगोल विदहरुका अनुसार समुद्र सतहवाट भारतले वनाएको वांध क्षेत्र ९० मिटर भएको र गौतम बुद्धको जन्मस्थल लुम्बिनी ९२ मी. को उचाईमा रहेकोले वांधको उचाई ६ मी.सम्म भएको र स्थलगत अध्ययनबाट ४ मी.सम्म डुवानमा परेको देखिएकोले वांध निर्माण कार्य सम्पन्न भएपछि वर्षादको समयमा आएको वाढीको पानी जमेर मर्चवार क्षेत्रका माथि उल्लेख भएको वस्तीका अतिरिक्त लुम्बिनी समेत डुवानमा पर्ने संभावना देखिएको । लक्ष्मणपुर, रसियावल खुर्द वांध गौर नजिकको वांध जस्तै गरी वांध वनाउंदै जाने हो भने पूर्व मेची देखि पश्चिम महाकाली सम्मका नेपालको तराईको धेरै भू भागमा भारतद्धारा डुवान समस्या सृजना हुन सक्ने कुरालाई पनि नकार्न सकिने अवस्था नदेखिएको ।

६. भारतले लोटन रसियावल खुर्द वांधमा मात्र होइन ठूला साना वांध परियोजना लगायत जल सम्बन्धी अन्य क्षेत्रमा समेत प्रत्येक पटक समस्या खडा गर्ने गरेको ।

७ भारतले लोटन रसियावल खुर्द वांध परियोजना लगायत जल सम्वन्धी अन्य क्षेत्रमा समेत प्रत्येक पटक समस्या खडा गर्ने गरेको ।

**गण्डक नहर**

२०१६ सालमा नेपाल भारत बीच भएको संझौता अनुसार नवल परासी जिल्लाको त्रिवेणी भन्ने ठाउंमा यो नहरको हेड वर्क्स बनेको रहेछ । पूर्वी र पश्चिमी नहरको क्षमता क्रमशः ४४७ क्यूमेक्स र ४२५ क्यूमेक्स रहेको । नेपालको लागि पिपरपाली र परसौनी क्षेत्रको जमिनमा सिंचाईको लागि पश्चिमी नहरवाट २०।२० क्यूसेक्स क्षमताका दुईवटा शाखा नहरवाट र पूर्वी नहरको डोन शाखावाट १,०३,००० एकड जमिनमा सिंचाई सुविधा उपलब्ध हुने व्यवस्था भएको । संझौतामा पानीको स्पष्ट परिमाण नखुलेकोले नारायणी सिंचाई योजनाको लागि डोन नहरवाट ४०,००० एकड जमिन सिंचाईको लागि २४ क्यूमेक्स पानी नेपालले पाउने गरी छिटै नै गण्डकको पश्चिम नहरको निर्माण गर्ने व्यवस्था गण्डक को-अर्डिनेशन कमिटीले गरेको जानकारी जलश्रोत मन्त्रालयवाट प्राप्त भएको ।

यस भ्रमण टोलीवाट खास गरी गण्डकको पश्चिम नहरको स्थलगत निरीक्षण गर्दा देखिएका समस्याहरु निम्न अनुसार पाइएको थियो:-



Scanned by CamScanner

१ नेपालको पहाडी श्रृखलाबाट दक्षिण तर्फ गण्डकको पश्चिमी नहर कस गर्दै जाने खोला र खहरेको पानीको Discharge निश्चित नहुने हुंदा नहरमुनिवाट निकास गराउने कार्य गलत देखिएको। त्यसै गरी खोला, खहरेले ल्याएको गेगर माटो र झारपातले भेन्ट (नालाहरु) थुनिएको र पुरिएकोमा साइफनहरु खोल्ने र सफा गर्ने गरेको नपाइएको। यसवाट नहरको उत्तरतर्फको क्षेत्र डुवानमा परी मानव वस्ती र कृषि वालीहरुलाई नोक्सानी पु-याएको।

२. त्यसै गरी नहरमा आतेजाते गर्ने सर्भिस रोडहरु पनि जीर्ण अवस्थामा भएको र त्यसको मर्मत संभार भए गरेको नदेखिएको। हर्कपुर निकास क्षेत्रमा अध्ययन गर्दा १० वटा ६x५ को भेन्टहरु मध्ये २ वटा मात्र चालु अवस्थामा रहेका ती पनि पुरिएर जति क्षमतामा हुनु पर्ने हो,त्यति क्षमतामा पानी निकास दिन सक्ने अवस्थामा नदेखिएको। नहर कस गरेर खोला र खहरेको पानी पठाउने निकासहरु मध्ये सबै भन्दा राम्रो भनिएको यो ब्यारेज समुन्द्र सतहवाट ३४२.२२ बेड लेवल हुनु पर्नेमा पुरिएर ३४६ भएको पाइयो। जसको कारण उत्तर तर्फको वस्ती र वाली लगाइएको जमिन डुवानमा परी वालीनालीको क्षति हुने गरेको।

३ .नालाभन्दा मुनि अर्थात दक्षिण तर्फ पानीको निकास जाने खोला खहरेको वाटो उचाईको र सांघुरो भएकोले पनि पानीको निकास वन्द भै उत्तरी भाग डुवानमा परेको देखियो।

४. नहर र सर्भिस रोड मर्मत संभारको लागि के कति रकम विनियोजित भएको, मर्मत र संभार लगायतका कामका लागि के कस्तो कार्यक्रम छ, त्यसको यथार्थ जानकारी नेपाली पक्षलाई थाहा नदिने गरेवाट भारतीय पक्षको काम कारवाही पारदर्शी भएको पाइएन।

५. नहरको मुनिवाट DiScharge हुनु पर्ने पानीका नालाहरु सफा नगर्ने र मर्मत संभार पनि नगर्ने गरिंदा डुवान समस्या झेल्नु परेका पिडित जानताले शिरखोला भन्ने ठाउंमा नहरको डिल भत्काई दिएको देखियो। यसले गर्दा भारतीय पक्षले पश्चिमी नहरमा पानी बन्द गरेको कारण नेपालको ७.४ मे.वा. क्षमताको सुरजपुरा जल विद्युत उत्पादन वन्द भएको । जसको परिणाम स्वरुप १५० मे.वा. घण्टाको उत्पादन हुन नसकी दैनिक ६ लाख रुपैया नेपाललाई घाटा पुग्न गएको।

**सुझावहरु**

(१) नेपाल भारत सरकार वीच लोटन रसियावल खुर्द वांधको विषयमा कुरा भई जुलाई १०,२००१ देखि वांध निर्माण रोकिएको भनी जानकारी दिइएको थियो तापनि निर्माण रोक्नु मात्र समस्या समाधान नभएकोले वास्तविक समाधानको लागि वांध भत्काई पानीको प्राकृतिक वहाव कायम गर्नु पर्ने र भविष्यमा यस्ता कार्य हुन नदिन भारत सरकारको प्रतिवद्धता हुनु पर्ने।

(२) नेपाल भारत विचको जलश्रोत सम्वन्धी प्रत्येक समस्या पिच्छे विचार गर्नुको सट्टा जल सम्बन्धी विषयमा पुरै प्याकेजमा राजनैतिक स्तरवाट वार्ता गरी अन्तराष्ट्रिय कानून र सिद्धान्तका आधारमा मात्र काम गर्ने सहमति हुनु पर्ने र यस सम्बन्धमा अन्तराष्ट्रिय कानूनको व्यवस्था र सिद्धान्त वमोजिम समाधान खोजिनु पर्ने।

(३) भारतले निर्माण गरेको वांधवाट पानीको Sheet Flow वन्द भै सृजना भएको डुवानवाट भएको धनजनको क्षति भारतीय पक्षले वेहोर्नु पर्ने।

(४) गण्डक नहर मुनिवाट खोला र खहरेको पानी निकास गराउने साइफन र भेन्टहरु समय समयमा भारतीय पक्षले सफा गरिरहनु पर्ने। भारतीय पक्षले पानीको निकास र भेन्ट सफा नगर्दा निकास वन्द भै डुवानवाट भएको धनजनको क्षति पनि भारतयि पक्षले



Scanned by CamScanner

व्यहोर्नु पर्ने । भविष्यमा वन्ने योजनामा खहरे र खोलाको पानी नहरमुनीवाट निकास गराउने व्यवस्था गरिनु हुंदैन ।

(५) नेपाल र भारत विच भएको संभौता अनुसार भारत सरकारले गर्ने कार्यक्रम र वजेटको जानकारी नेपाली पक्षलाई उपलब्ध गराउनु पर्ने र प्रत्येक कृयाकलाप पारदर्शी हुनु पर्ने ।



Scanned by CamScanner

## परिच्छेद-५
## बाढी र सुख्खा क्षेत्रको अध्ययन भ्रमणको प्रतिवेदन

**बांके, बर्दिया र दाङ्गको बाढीग्रस्त क्षेत्र सम्बन्धी**

यस वर्षको वर्षायाममा वर्षे वाली खास गरेर धान लगाउने समयमा राम्रो वर्षा नभएको कारण रोपाइ गर्ने कार्यमा वाधा पुगेको थियो । त्यसपछि श्रावण र भाद्रको आधा आधीसम्म खास गरी तराइका जिल्लाहरुमा वर्षाद नभएको कारण सिंचाई सुविधा नभएका ठाउंमा रोपाई हुन सकेको रहेनछ । यसै वीच भाद्र महिनाको ९ देखि मध्यपश्चिमान्चल र सुदूर पश्चिमान्चल क्षेत्रमा परेको भारी वर्षाको कारण पहाडी क्षेत्रमा बाढी पहिरोले जनधनको नोक्सानी भयो भने तराई क्षेत्रमा जमिन कटान र डुवानले जन धनको नोक्सानी मात्र नभएर खाने बस्ने समस्याबाटै जनता प्रभावित भए । यही पृष्ठभूमिमा समितिले मिति २०६३।५।१४ मा बांके, वर्दिया र दाङ्गको बाढीवाट प्रभावित क्षेत्र र धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरीको सुख्खाग्रस्त क्षेत्रको स्थलगत अध्ययन गरी त्यसबाट मानवीय एंव कृषि, सिंचाई र पशुपालनमा परेको असरको जानकारी लिने निर्णय गऱ्यो । यस निर्णय अनुसार समितिका देहायका मा० सदस्यहरुबाट मिति २०६३।५।१७ देखि ऐ. १९ सम्म बांके, वर्दिया र दाङ्ग जिल्लाको स्थलगत अध्ययन भ्रमण भएको थियो ।

| | |
|---|---|
| मा० श्री प्रकाश ज्वाला | - संयोजक |
| मा० श्री आनन्दप्रसाद पोखरेल | - सदस्य |
| मा० श्री जगदीशप्रसाद साह | - सदस्य |
| मा० श्री नारायण शर्मा पौडेल | - सदस्य |
| मा० श्री वीरवहादुर लामा | - सदस्य |
| मा० श्री महेन्द्रकुमार राय | - सदस्य |
| मा० श्री रामकुमार चौधरी | - सदस्य |
| मा० श्री सुभाष कर्माचार्य | - सदस्य |

स्थलगत अध्ययन भ्रमण सम्पन्न गरेको भोलिपल्टै अर्थात २०६३ साल भाद्र २० गते समितिको बैठक वसाली गृह, जलस्रोत, कृषि, परराष्ट्र, र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका पदाधिकारीहरु र पत्रकारहरुलाई समेत आमन्त्रण गरी बाढी प्रभावित क्षेत्र र त्यहांका जनतामा परेको असरका सम्वन्धमा छलफल गरिएको थियो ।

अध्ययनका क्रममा यस कार्यदलले सम्वन्धित जिल्लाका मा० सदस्य, विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, सिंचाई आदि कार्यालयका प्रमुखहरुको उपस्थितिमा यस विषयमा जानकारी लिने काम गऱ्यो । यस अन्तरक्रियामा त्यहांको वर्तमान स्थिति, विद्यमान समस्याहरु र त्यसको समाधानका लागि सुझावहरु समेत लिने काम गरियो । जानकारीको क्रममा २०६३ भदौ ९ गते देखि ११ गतेसम्म आएको अविरल वर्षाका कारण वांके जिल्लाको राप्ती नदी लगायत गंधेली र सोतैया नहरमा आएको बाढीवाट ठूलो नोक्सानी व्यहोर्नु परेको व्यहोरा वताइएको थियो ।

**उद्धारका लागि भएका प्रयासहरु:-**

१) बाढीको लगत्तै राप्ती नदीले कटान गरी होलिया गा.वि.स.को चौफेरीलाई दुइतिरवाट घेरेपछि त्यस क्षेत्रका करिव ३५० जना मानिसलाई हेलिकप्टरवाट सुरक्षित स्थान तर्फ लगी उद्धार गरिएको ।



Scanned by CamScanner

२. प्र.जि.अ. सहित राजनैतिक दलका प्रतिनिधिहरु, सुरक्षाकर्मी, पत्रकार समेतको टोलीले हेलिकप्टरबाट प्रभावित स्थानहरुको स्थलगत निरिक्षण गरी राहत सामाग्री पु-याउने काम गरेको ।

३. जिल्ला प्रशासन कार्यालयका एक अधिकृतको नेतृत्वमा एक टोली पठाई सिमावर्ती भारतीय जिल्लाका अधिकारीसंग समन्वय गरी लक्ष्मणपुर बांधका ढोका खुल्ला गरेबाट राप्ती नदीमा पानीको सतह घट्न गई उद्धारमा केही सहयोग मिल्नुका साथै उक्त टोलीले सिमावर्ती क्षेत्रबाट विस्थापित समुदायलाई समेत भेटी राहतका लागि पहल गरेको ।

४. पानीको सतह घटेपछि होलिया गा.वि.स.को चौफेरीका करीब २१५ परिवारलाई भगेरास्थित हजरत सामुदायिक वन क्षेत्रमा अस्थायी बसोबासको व्यवस्था गराइएको । अध्ययनको सिलसिलामा वाढीबाट प्रभावित पक्षलाई राहत वितरण गर्ने कार्य एकद्वार प्रणाली अन्तर्गत नेपाल रेडक्रस सोसाइटी बांके शाखाबाट नै वितरण गरेको पाइयो । नेपाल रेडक्रस सोसाइटी बांके शाखाको पहलमा वाढी पिडितलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, विभिन्न सरकारी एवं गैर सरकारी संघसंस्था र अन्तराष्ट्रिय संस्थाहरुको भेला गरी सहायता जुटाई प्राप्त सहयोग यसै कार्यालयबाट नै वितरण गरेको जानकारी समेत गराइयो । सोही क्रममा जिल्लामा रहेका विभिन्न राष्ट्रिय एवं अन्तराष्ट्रिय दातृ निकायबाट वाढी पिडितलाई राहतस्वरुप नगद रु ५६,८५,२४२।- र ३,३५,८९,७७१ बराबरको विभिन्न जिन्सी सामान प्राप्त भएको पाइयो ।

५. जिल्लामा वाढी आइसकेपछि तत्कालीन राहतको व्यवस्था गरेको र त्यसका साथसाथै खाद्यान्न राहत र अन्य राहत पनि वितरण गरेको जानकारी पाइयो । शुरुमा तत्कालीन राहतको रुपमा वाढी प्रभावित २६ गा.वि.स.का ३५५१ परिवारका जम्मा १८६४५ जनसंख्यालाई चिउरा, चिनी, विस्कुट लगायतका खाद्य सामाग्रीहरु वितरण गरेको पाइयो । त्यस्तै अन्य राहतको रुपमा २६ गा.वि.स.का ९९५ परिवारलाई ८१७ तार्पोलिन, १२१९ कम्मल, ७१७ थान भांडाकुडा, ७२९ जोर कपडा, ५५२ वटा वाल्टिन, ५५२ वटा मग, २३७ वटा कुसन चकटी समेत वितरण गरेको अध्ययनका क्रममा जानकारी भयो ।

६. वाढीबाट पिडित क्षेत्रमा सरुवा रोग फैलिन सक्ने सम्भाव्यतालाई दृष्टिगत गरी त्यसको रोकथामको लागि जिल्ला दैवी प्रकोप उद्धार समितिबाट निर्णय गरी जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुखको संयोजकत्व गठित स्वास्थ्यकर्मीहरुको टोलीलाई सम्बन्धित क्षेत्रमा पठाई निशुल्क स्वास्थ्योपचारको व्यवस्था मिलाइएको पाइयो । उक्त टोलीले हाम्रो कार्यदल त्यस क्षेत्रमा पुग्दासम्म होलियाको तीन ठाउंमा र उदयपुर, गंगापुर, फत्तेपुर कम्दी र वेतहनी गा.वि.स.का ३७१७ व्यक्तिहरुको औषधोपचार गरेको जानकारी प्राप्त हुन आयो ।

७. होलिया र वेतहनी गा.वि.स.हरु प्रत्येक वर्षको वर्षा याममा डुवानमा पर्ने गरेको हुनाले त्यस क्षेत्रका जनता तुलनात्मक रुपमा वढी प्रभावित पाइयो । हाम्रो टोली त्यस क्षेत्रमा पुग्दासम्म जिल्लाका ९ वटा गा.वि.स.हरु राहतको पहुंचबाट अझै वन्चित रहेको पाइयो । होलिया गा.वि.स.का चौफेरी, सिम्रना, टेप्री, रङ्गनाथपुर लगायतका ७ वटा वडाहरु सबै डुवानमा परेको प्रत्यक्षदर्शी तथा पिडित पक्षहरुले जनाए । होलिया र वेतनिया गा.वि.स. प्रायजसो डुवानमा पर्ने भएकाले उनीहरुलाई वसोवासका लागि उचित ठाउंमा लग्नु पर्ने त्यस क्षेत्रका पिडितहरुको गुनासो थियो । उनीहरुलाई सरकारले दीर्घकालीन रुपमै सुरक्षित ठाउंमा स्थान्तरण गर्नुपर्ने उनीहरुको माग थियो ।

अध्ययन कार्यदल २०६३।५।१८ गते अपरान्ह वाढी निरीक्षणका क्रममा बर्दियाको सदर मुकाम गुलरिया पुग्दा जति व्यवस्थित राहत र अन्य व्यवस्था नेपालगन्जमा थियो, त्यति व्यवस्थित वर्दियामा रहेको पाइएन । टोलीको एकगाडीलाई त्यस क्षेत्रका वाढी पिडितहरुले वाटैमा घेराउ गरी अघि वढ्न नदिई वांके नै फर्काइ दिए भने अर्को गाडीमा



Scanned by CamScanner

रहेका टोली वर्दिया पुगी सदरमुकाम स्थित जिल्ला विकास समितिको कार्यकक्षमा एउटा जानकारी मूलक अन्तर्कियामा सहभागी भयो । जुन अन्तरकियामा जिल्लाका प्र.जि.अ., स्थानीय विकास अधिकारी, राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, कृषि, सिंचाइका प्रमुखका साथै पत्रकारहरुको समेत उपस्थिति थियो । उक्त अन्तरकियामा जानकारी गराए अनुसार २०६३।५।१० मा बर्दियामा आएको वाढीले गरेको क्षति निम्न रहेको पाइयो ।

१) प्रभावित परिवार संख्या - ८,२८७
२) प्रभावित जनसंख्या - ५०,०००
३) पूर्ण रुपमा भत्किएका घर - ५५ वटा
४) वाढीका कारण भएको मानवीय क्षति - ५जनाको मृत्यु
५) प्रभावित गा.वि.स. - ८ वटा र न.पा. १ वटा
६) वाढीवाट मरेका वस्तुभाउको संख्या - १२०९
७) वालीको क्षति -(अनुमानित) २९७-११-०७ विगाहमा लगाएको वाली नष्ट
८) अन्नको क्षति - ७३,२९६ क्विन्टल
९) भाडावर्तन - ४,९४८ गोटा
१० नगद । जिन्सी - ५५००।- साइकल - १ लुगा सिउने मेशिन- १
११) स्कूल भवन - १
१२) डुङ्गा - १
१३) मन्दिर - १

जिल्लाका वाढी ग्रस्त क्षेत्रमा राहत स्वरुप सरकारवाट प्राप्त भएको १०,००,०००।- रकम वाढी पिडितलाई अत्यावश्यक खाद्यान्न पुऱ्याउने कार्यमा खर्च गरेको जानकारी पाइयो । जसवाट जिल्लाका अति प्रभावित गुलरिया न.पा. महम्मदपुर, कालिका, जमुनी, मगरागाडी, नेउलापुर, ढोढरी, सुर्यपटुवा गा.वि.स.हरुमा पुऱ्याउनुको साथै रु ४,२०,४९८।५० रकम जिल्ला दैवी प्रकोप उद्धार समिति बर्दियाको निर्णय वमोजिम नेपाल रेडकस सोसाइटी बर्दिया शाखालाई आवश्यक खाद्यान्न खरीद गरी वितरण गर्ने कार्यका लागि प्रदान गरेको जानकारी भयो । नेपाल रेडकस सोसाइटी जिल्ला शाखा, बर्दियावाट सम्पूर्ण गा.वि.स.हरुमा राहत सामाग्री विशेष गरी खाद्यान्न लत्ता, कपडा वितरण गर्ने टोली परिचालन गरेको पाइयो । वाढी पिडितहरुलाई विभिन्न अन्तराष्ट्रिय दातृ संस्थाहरु जस्तै विश्व खाद्य कार्यक्रम, वाल वचाउ अभियान, स्वीस रेडकस, प्लान इन्टरनेशनल आर. आर. एन., लगायत स्वदेशी सहयोगी निकाय जस्तै जि.वि.स., गुलेरिया नगरपालिका, राधाकृष्ण जनसेवा केन्द्र, थारु महिला उत्थान केन्द्र, उद्योग वाणिज्य संघ, रेयुकाई नेपाल, केयर नेपाल लगायतका संघ संस्थाबाट प्राप्त भएको सहयोग (नगद खाद्यान्न तथा लत्ता कपडा समेत) रेडकस सोसाइटी बर्दिया शाखा मार्फत नै वितरण गरेको जानकारी गराइयो ।

वाढी पश्चात जिल्लामा सरुवा रोगहरु फैलिन नदिन आवश्यक सतर्कता अपनाइएको जानकारी गराइयो । विभिन्न नदीमा आएको वाढीका कारण डुवानमा परेका क्षेत्रहरुमा सामान्य ज्वरो, खोकी, रुघा आदि देखिए पनि कुनै महामारी रोग फैलिन पाएको देखिएन । जिल्लामा कुनै त्यस्ता रोग फैलिन नदिन जिल्ला स्वास्थ्य कार्यालयमा रहेका स्वास्थ्य कर्मीहरुलाई विभिन्न समूहमा विभाजन गरी घुम्ती सेवा प्रदान गरिरहेको र स्वास्थ्य सेवा विभागवाट पठाएको औषधी समेत जिल्ला आएको कारण स्वास्थ्य क्षेत्रमा कुनै समस्या नरहेको जनाइयो ।

वाढीका कारण जिल्ला सदरमुकाम जोड्ने सडक मार्ग क्षतिग्रस्त भएको, सडकको दुवै तर्फवाट वाढीले कटान गरी केही भागमात्र कालोपत्र रहेको र त्यो सडक तुरुन्तै मर्मत नगरेमा ठूलो समस्या आउने समेत देखियो ।



Scanned by CamScanner

**समस्या समाधानका उपायहरु**

१. वांकेको होलिया गा.वि.स.का. वडा नं. २,३,४ का जनता राप्ती नदीको कटानमा परेकोले उक्त क्षेत्रका वासिन्दाहरुलाई स्थायी रुपले नै अन्यत्र स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु पर्ने ।
२. वाढीवाट पिडित जनताको खानपिन, वसोवास स्वास्थ्योपचार, पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सरकारले उचित ध्यान दिनु पर्ने ।
३. डुवान भैरहने तराईका विभिन्न जिल्लामा राहतको लागि आवश्यक पर्ने विभिन्न यन्त्र उपकरणहरु- जस्तै रवर वोटहरु, खाद्यान्न तथा लत्ता कपडाहरु, औषधी संचित गरी राख्नु पर्ने ।
४. वाढीवाट हुने क्षति न्यूनीकरण गर्न सरकारले पूर्व सतर्कता अपनाउनु पर्ने ।
५. प्रत्येक जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिमा आवश्यक उपकरण र रकम संचित गरी राख्नुपर्ने ।

**धनुषा, महोत्तरी, सर्लाही र सप्तरीको सुख्खा क्षेत्र सम्बन्धी**

२०६३ आश्विन ६ देखि ऐ. ९ गतेसम्म देहायका मा० सदस्यहरुको टोलीले धनुषा, महोत्तरी,सर्लाही र सप्तरी जिल्लाको सुख्खा क्षेत्रको स्थलगत अध्ययन भ्रमण गर्नु भयो ।

मा० श्री प्रकाश ज्वाला - संयोजक
मा० श्री जगदीशप्रसाद साह - सदस्य
मा० श्री वीरवहादुर लामा - सदस्य
मा० श्री महेन्द्रकुमार राय - सदस्य
मा० श्री रामकुमार चौधरी - सदस्य
मा० श्री हर्कमान तामाङ्ग - सदस्य

यस अध्ययन भ्रमण कार्यक्रममा जनकपुर र महोत्तरीको कार्यक्रममा कृषि तथा सहकारी मन्त्रालयका सचिव लगायत कृषिसंग सम्वन्धित वरिष्ठ पदाधिकारीहरुको समेत सहभागिता थियो ।

टोलीले धनुषा र महोत्तरीको कार्यक्रम सकेर २०६३।६।७ का दिन विहान सर्लाहीतर्फ जान लाग्दा सिराहा क्षेत्र नं.३ का सांसद मा० श्री कृष्णचरण श्रेष्ठको हत्याको खवर प्राप्त भयो । मलंगवाको कार्यक्रम सकिएपछि सिराहाको अवस्थाको जानकारी लिंदा त्यहां सवै शोकमा रहेका र अवस्था अनुकूल नभएको भन्ने बुझिएकोले सिराहाको भ्रमण रद्द गरियो । बांकी चार जिल्लामा टोलीले स्याम्प्लिङ्गको रुपमा केही सुख्खा क्षेत्रको अवलोकन गरी प्रत्येक जिल्लामा त्यहांका राजनैतिक दलका स्थानीय तहका प्रतिनिधिहरु, कृषि, सिंचाई, नदी नियन्त्रण, पशुसेवा, भूमिसुधार, मालपोत कार्यालय, जिल्ला प्रशासनका प्रमुखहरु र स्थानीय विकास अधिकारी एवं पत्रकारहरु समेतसंग भेघाट र छलफल गर्‍यो ।

**छलफल र अन्तरकियाबाट प्राप्त भएको जानकारीहरु**

१. अवलोकन र अध्ययनबाट पूर्वी तराइका जिल्लाहरुमा प्रमुख वर्षे वालीको रुपमा रहेको धान बालीलाई ठूलो असर पारेको पाइयो । समितिले अध्ययन भ्रमण गरेको चार जिल्लाको वस्तुस्थिति निम्नानुसार भएको जानकारी प्राप्त भएको छ

| | धनुषा | महोत्तरी | सर्लाही | सप्तरी |
|---|---|---|---|---|
| धन खेती हुने क्षेत्र | ६०,००० हे. | ५०.८५० हे. | ४१,९७४ हे. | ६०.००० हे. |



Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| रोपाई हुन नसकेको | २३,८०० हे. | २२,८८२ हे. | ८,३९५ हे | २८,००० हे. |

अध्ययनको सिलसिलामा के पनि पाइयो भने धनुषा, महोत्तरी, सिराहा र सप्तरी जिल्लामा लगभग ७० प्रतिशत जग्गामा मात्र रोपाई हुन सकेको र सर्लाहीमा भने ७० देखि ८० प्रतिशतसम्म रोपाई भएको जानकारी पाइयो । अति सुख्खाग्रस्त क्षेत्रको रुपमा रहेका धनुषा, महोत्तरी, सिराहा र सप्तरी जिल्लामा खास गरी असिंचित क्षेत्रमा प्राय रोपाई भएको देखिएन । रोपाइ भएकोमा केहीमा बाली सुकेको र त्यसबाट बंचेकोमा पनि रोग लागेको पाइयो ।

२. धनुषा र महोत्तरीको लागि कमला र जलाद नदीको समस्या देखियो । कमलाको DPR बनेको तर Master plan बनेको रहेनछ । यसैगरी जलाद नदीको त master plan नै रहेनछ । कमला नदीलाई अहिले कै अवस्थामा मर्मत संभार गर्ने हो भने यसबाट २५,००० हेक्टरमा सिंचाई सुविधा पुग्न सक्ने देखिन्छ । त्यागातिगा नदी नालाहरुको मुहानमा पक्की बांध र नहरहरु बनाउने हो भने अरु २००० हेक्टर सिंचाई हुन सक्दछ । महोत्तरीको जंग्हा नदी त जमिनको लेभलभन्दा माथि मात्र आएको होइन, यसले आफ्नो मार्ग धेरै परिवर्तन गरिसकेको अवस्था पनि देखियो ।

३. रोपाई नभएको कारण खाद्यान्न संकट पर्ने हुंदा कामको लागि खाद्यान्न कार्यक्रम नल्याउने हो भने भोकमरीको स्थिति सिर्जना हुने मात्र होइन अपराधिक घटना पनि वढ्ने देखिन्छ ।

४ खेतीको लागि आवश्यक पर्ने रासायनिक मल आवश्यकता अनुसार आपूर्ति हुन नसकेको, भारतको वजारको अनुपातमा महंगो भएको र उपलब्ध मल पनि गुणस्तरहिन भएको, यसमा पनि असारमा आउनु पर्ने मल कार्तिकमा र कार्तिकमा आउनु पर्ने मल असारमा आउने गरेको जानकारी प्राप्त भयो । वीउ पनि सिजन सकिए पछि आउने गरेको गुनासो सुनियो ।

५. नेपाल सरकार आफैंले चतरामा वांध वांधेर कोशीको पानी पूर्व र पश्चिम लैजाने हो भने सिंचाई पनि हुन्छ, कोशीको बाढीको चाप पनि कम हुने देखिन्छ ।

६ मोरङ्ग जिल्लामा ८ दिन देखि १४ दिनसम्मको विऊ पानीमा नडुवाइकन पातलो पारेर रोप्दा धानको गांज ठूलो हुने र उत्पादन अहिलेको भन्दा ४ गुणा बढी हुने कुरा बताइएको छ । सो प्रविधी कृषिको अनुसन्धानको रुपमा अघि बढाइएको रहेछ । यसमा विद्यमान प्रविधीका अनुपातमा सिंचाइको लागि ५० प्रतिशत कम पानी भए पुग्ने र गांज पनि ठूलो हुने जानकारी दिइयो । जसलाई एस.आर.आई.कार्यकर्म भनिदोरहेछ र यो कार्यक्रम अनुसन्धानको रुपमा लागू गरिएको रहेछ ।

**तत्कालीन रुपमा संचालन गरिएका राहत कार्यहरुः .**

(क) सम्बन्धित जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिशमा मात्र खर्च गर्ने गरी कृषि विकास तर्फ समूहगत रुपमा निजी वा समूहमा जडान गरिएका टयूववेलका लागि डिजेल उपलब्ध गराउने, मकैको बीउ र तरकारीको बीउ अनुदानमा दिने, साना सिंचाई, कुलो निर्माण, मर्मत, माटोको बांध निर्माण आदि, पशु सेवा तर्फ जैघांसको वीउ वितरण, औषधी वितरण, Vaccine parasite control तथा आकस्मिक महामारीको उपचार, पशुपंक्षी वितरण (जमिन नहुने किसानलाई प्राथमिकता दिई वितरण गर्ने ।)

(ख) उपरोक्त कार्यकमको लागि २ करोड ७४लाख ५०हजार वजेट विनियोजन भएको रहेछ ।

(ग) सुख्खा तथा बाढी पिडित जस्ता दैवी प्रकोपमा परेका जिल्लाहरुको स्वीकृत वार्षिक कार्यक्रमवाट समेत राहत कार्यक्रममा प्राथमिकता दिने ।



Scanned by CamScanner

(घ) जिल्ला विकास समिति तर्फ नेपाल सरकारवाट निकासा भै गएको अनुदानवाट दैवी प्रकोप पिडितहरुलाई उद्धार तथा राहत स्वरुप प्रति गा.वि.स. रु.२५ हजारसम्म उपलब्ध गराउन स्थानीय विकास मन्त्रालय मार्फत जि.वि स.हरुमा लेखी पठाउने ।

**छलफल र अन्तरक्रियामा प्रस्तुत भएका मागहरुः-**

१. जल उत्पन्न प्रकोप खासगरी असार, साउन र भाद्र महिनामा हुन्छ । सरकारको वजेट असारमा ल्याउने र नयां वजेटको निंकासा असोजमा मात्र आउछ । अतः यस्तो अप्ठेरो अवस्थावाट मुक्त हुन मनसून पिरियडको लागि Emergency Fund को व्यवस्था हुनु पर्ने ।

२. वर्षाद नभएर सुख्खा भै रोपाई हुन नसकेका जिल्लाहरुलाई सुख्खा क्षेत्र घोषित हुनु पर्ने ।

३. डीप ट्यूववेल र स्याल्लो टयूववेल धेरै जसो चालुमा छैनन। डिजेलबाट चलाउंदा ज्यादै महंगो भै किसानले व्यहोर्न नसक्ने, मर्मत संभार पनि किसानको क्षमताभन्दा माथिको कुरा भएकोले टयूववेलहरु जडान भएको ठाउंमा विद्युतीकरण हुनु पर्ने र विजुली नपुगेसम्म डिजेलमा अनुदान दिनु पर्ने ।

४. चन्द्र नहर मर्मत संभार गर्ने र कोशी पम्प व्यवस्थित गरी यी सुविधालाई पूर्ण क्षमतामा ल्याउनु पर्ने ।

५. मत्स्य विकास कार्यक्रम अहिले ओझेलमा परेको छ । APP ले माछालाई आफ्नो कार्यक्रममा राखेको छैन । मत्स्य तर्फको संगठनात्मक संरचना माथिल्लो तहसम्म पुगेको छैन । तराइमा कृषि, पशुका अतिरिक्त मत्स्यपालन पनि गर्न सकिन्छ । धनुषामा मात्र ५४ वटा गुठीको नाममा रहेका पोखरीहरु छन् । तराई क्षेत्रमा यस्ता पोखरीहरु धेरै भएकाले मत्स्य विकास कार्यक्रमले पनि उचित स्थान पाउनु पर्ने ।

६. दुई घण्टा पानी परेमा सात गाउं डुब्ने कमला नदीको नहर सफाइको व्यवस्था तत्काल गर्नु पर्ने ।

७. पशु आहारको लागि सर्लाही, जनकपुर र वांकेमा घांस वाली कार्यक्रम संचालनमा छ । सुख्खाले घांसको उत्पादनमा समेत ह्रास आएको छ, जसले पशु आहारमा कमी त भएको छ नै त्यसमा पनि विभिन्न किसिमका रोगको प्रकोपको संभावना छ । उपचारको लागि Vaccine, parasite control को व्यवस्था हुनु पर्ने ।

८. डुवान र सुख्खा क्षेत्रका पिडित परिवारहरु मध्ये जसलाई तत्कालै रोजी रोटीको समस्या छ, जो आर्थिक रुपले विपन्न छ, त्यसको आवाज सम्वन्धित ठाउंमा पुग्दैन । सरकारले के कस्तो राहत सामाग्री उपलब्ध गराउन लागेको छ, सो कुरा पनि थाहा नहुन सक्छ । त्यस्ता व्यक्तिहरुलाई केन्द्रविन्दु बनाएर राहत तथा सुविधा उपलब्ध गराउनु पर्ने । किसानको वर्गीकरण गरी तल्लो तहका किसानलाई परिचय-पत्र दिएर उनीहरुको कृषि ऋणको अवधि बढाउनु पर्ने, कृषि ऋणमा व्याज मिनाह गर्नु पर्ने र अब सस्तो व्याजदरमा ऋण उपलब्ध हुनु पर्ने ।

९. प्रत्येक तराइका जिल्लामा भएका नहर र वांधको मर्मत संभार गर्न र त्यहां वहेका स-साना नदी नालाहरुमा पक्की वांध वांधेर नहर बनाई कतिपय ठाउंमा सिंचाई सुविधा पुऱ्याउन सकिन्छ र यी कार्य थोरै खर्चमा हुन सक्ने भएकोले यसको लागि जि.वि.स.ले ५० प्रतिशत, सम्वन्धित गा.वि.स.ले २५ प्रतिशत र वांकी २५ प्रतिशत स्थानीय उपभोक्ताको योगदान रहने गरी गर्नु पर्ने ।

१०. तराईको मूख्य समस्या भनेको पानी बढी परे उव्जाउ माटो वगाएर लगी सो ठाउंमा चुरेको गेगर ल्याएर उर्वरा भूमिलाई वगरमा परिणत गराउने र कैयौं क्षेत्र डुवानमा पर्ने, पानी कम परेमा वा नपरेमा सुख्खा भै उब्जनी घट्ने अवस्था देखिन्छ । यसको लागि चुरेमा भएको वसोवासलाई अन्यत्र स्थानान्तरण गरी चुरेको संरक्षण गर्नुपर्ने, नदी नियन्त्रणको लागि



Scanned by CamScanner

तटवन्दहरुको व्यवस्था हुनुपर्ने, सिंचाई सुविधा नपुगेका स्थानहरुमा सिंचाई सुविधा पु-याउन पर्ने देखिन्छ ।

११. मौसम परिवर्तन अनुसार खेती प्रणालीमा परिवर्तन गरिनु पर्ने ।

१२ तराइका यी समस्याहरु समाधानको लागि तत्कालीन र दीर्घकालीन कार्यक्रम वनाएर अघि बढ्नु पर्ने देखिन्छ ।

१३. यो साल धानको उत्पादन ६,७ लाख टनले कमी हुने र खाद्यान्न न्यून पूर्तिको लागि साढे तीन लाख टन चामल आयत गर्नुपर्ने ।

**समितिको निश्कर्ष एवं सुझावहरु:**

**तत्कालीन गर्नु पर्ने:-**

(१) धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरी जिल्लालाई सुख्खा क्षेत्र घोषणा गर्नु पर्ने

(२) डीप वोरिङ० र पम्पसेट प्रणालीको सिंचाई कार्यक्रम उपरोक्त जिल्लाहरुमा तत्काल संचालन गर्नुपर्ने, डिजेलको सट्टा विजुलीवाट संचालन गर्नु पर्ने र विद्युत महसूलमा किसानलाई छुट दिनु पर्ने ।

(३) साना सिंचाई विशेष कार्यकममा पर्याप्त वजेटको व्यवस्था गर्नुपर्ने

(४) सुख्खा क्षेत्रमा सुगम र सस्तोमा तथा अनुदान दिएर हिउंदे खेतीको लागि वीउ विजन तथा मलखाद वितरण गर्नु पर्ने ।

(५) वालीहरुमा वढ्न थालेको रोग नियन्त्रण गर्नु पर्ने, त्यसको लागि किटनाशक औषधी एवं विषादीहरु प्रभावित क्षेत्रमा नि: शुल्क वितरण गर्ने ।

(६) प्रभावित किसानलाई परिचय-पत्र दिएर उनीहरुको कृषि ऋणको अवधि वढाउने, व्याज मिनाहा गर्नु पर्ने र सस्तो मूल्यमा कृषि ऋण उपलव्ध गराउनु पर्ने ।

(७) कामको लागि खाद्यान्न कार्यकम संचालन गर्नु पर्ने ।

(८) वाढीबाट हुने क्षतिलाई कम गर्न सरकारले तत्कालीन रुपमा विविध राहत र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

(९) नेपालबाट वग्दै गएको राप्ती नदीमा भारत सरकारले निर्माण गरेको लक्ष्मणपुर वांधका ढोकाहरु वर्षातको समयमा पूर्ण रुपमा खुल्ला राख्नु पर्ने ।

(१०) वर्दियाको ववई नदीले अत्याधिक मात्रामा जमिन कटान गरेको हुंदा गुलरिया नगरपालिका र तारातात गा.वि.स.समेतका ठाउंहरुमा तटबन्धको व्यवस्था गर्ने ।

**दीर्घकालीन रुपमा गर्नु पर्ने:**

(१) कमला तथा सुनकोशी डाइभर्सनको काम शिघ्र सम्पन्न गर्नु पर्ने ।

(२) विभिन्न साना नदी एवं खोलाहरुमा पक्की वांध वांधेर सिंचाइको व्यवस्था गर्नुपर्ने ।

(३) आर्थिक वर्षको समयावधि परिवर्तन गर्नुपर्ने ।

(४) सुख्खा, खडेरी, वाढी र डुवान क्षेत्रमा पूर्व तयारीको लागि आवश्यक कोषको व्यवस्था गर्नु पर्ने ।

(५) डुवान समस्या समाधानको लागि भारतसंग वार्ता गरी समस्या समाधान गर्नु पर्ने ।

(६) तराईको डुवान र कटान समस्या समाधानको लागि चुरे क्षेत्र संरक्षण र व्यवस्थापन गरिनु पर्ने ।

(७) महोत्तरीको जंग्हा र सप्तरीको खांडो नदी लगायत जमिनको सतह माथि आई मार्ग समेत परिवर्तन गरेका नदीहरुलाई पूर्ववत रुपमा ल्याउनु पर्ने ।



Scanned by CamScanner

(८) सप्तरी र सिराहा लगायतका जिल्लाहरुमा दीर्घकालीन सिंचाइको लागि सप्तकोशी परियोजनाको निर्माणको कामलाई पनि प्राथमिकता दिनु पर्ने ।

(९) नेपाल भारत वीचको डुवान समस्या सम्बन्धी विषयमा खटाइने सम्पर्क अधिकृतको नियुक्ति नेपाल सरकारवाट हुने भएता पनि उसलाई तलव भत्ता भारत सरकारले दिने गर्दा ऊ भारत सरकार प्रति नजिक देखिएकोले सम्पर्क अधिकृतको तलव भत्ताको रकम भारत सरकारले नेपाल सरकारलाई दिने र सम्पर्क अधिकृतको तलव भत्ता नेपाल सरकारले दिने व्यवस्था मिलाउने ।

(१०) राप्ती नदीको सतह वसोवास गर्ने जमीनको सतह भन्दा उचा रहेको कारणले गर्दा राप्ती नदीको दुवै किनारमा तटवन्द गर्नु पर्ने । यसैगरी चितवनको नारायणी नदीमा पनि तटवन्धको व्यवस्था हुनु पर्ने ।

(११) गन्धली र सोतिया नालाको प्राकृतिक वहावलाई भारतद्वारा निर्मित तटवन्धले रोकेको हुदा उक्त तटवन्धवाट पानीको निकासका लागि ठाउं खुल्ला गर्नु पर्ने ।



Scanned by CamScanner

परिच्छेद-६

## राजदरवार जग्गा अध्ययन सम्बन्धी प्रारम्भिक प्रतिवेदन

ऐतिहासिक जन आन्दोलन,२०६२ द्वारा पुनर्स्थापित प्रतिनिधिसभाले आन्दोलनको भावना अनुरुप २०६३ साल जेठ ४ गते प्रतिनिधिसभाको घोषणा,२०६३ जारी गरेको थियो। घोषणाले गरेको राजदरवार सम्बन्धी नयाँ व्यवस्थालाई ध्यानमा राख्दै प्रतिनिधिसभा, प्राकृतिक स्रोत र साधन समितिले सर्वप्रथम मिति २०६३/४/३ मा श्री ५ र राजपरिवारका सदस्यहरुको जग्गाको विवरण सम्बन्धित निकायहरुसँग माग गरेको थियो । समितिको निर्देशन अनुरुप भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६३/४/१९ मा ७५ जिल्ला मध्ये ११ जिल्लाको मात्र विवरण प्राप्त भएको र यसमा बाँकी ६४ जिल्लाका अतिरिक्त राजा र राजपरिवारका सदस्य संलग्न भएका उद्योग, कम्पनी, होटलको, गुठीको र वीर्ता जग्गाको विवरण समेत समावेश भएको नपाइएको कुरालाई ध्यानमा राख्दै मिति २०६३/४/१९ को समितिको बैठकले राजा र राजपरिवारको स्वामित्वमा रहेको जग्गा जमिनको अध्ययन गरी ती जग्गाहरु कानूनी दायरामा ल्याउने उपायका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरेको थियो।

| | |
|---|---|
| मा. सुभाष कर्माचार्य | संयोजक |
| मा. काशी पौडेल | सदस्य |
| मा. दिलवहादुर लामा | सदस्य |
| मा. वीरवहादुर लामा | सदस्य |
| मा. रामकुमार चौधरी | सदस्य |

उक्त उपसमितिको मिति २०६३/४/२१ गते बसेको प्रथम बैठकले राजा र राजपरिवारका सदस्यहरुको स्वामित्वमा रहेका जग्गा जमिनको विवरण संकलन गर्दा निम्न शीर्षकमा रहेको जमिनको विवरण खोजी गर्ने कार्यविधि तय गरेको थियो ।

(१) श्री ५ र राजपरिवारका सदस्यहरुको व्यक्तिगत नाममा रहेको जग्गा ।

(२) राजसंस्थाको नाममा रहेको जग्गा ।

(३) राजा र राजपरिवारको लगानीमा संचालित उद्योग, कम्पनी, होटलको स्वामित्वमा रहेको जग्गा ।

(४) राजपरिवारको स्वामित्वमा रहेको गुठी जग्गा ।

(५) राजपरिवारको स्वामित्वमा रहेको विर्ता जग्गा ।

दिइएको जिम्मेवारी कार्यान्वयन गर्ने सिलसिलामा उपसमितिका विभिन्न १० वटा बैठकहरु निम्न मितिमा सम्पन्न भएका थिए ।

२०६३/४/२१, २०६३/४/२२, २०६३/४/२६, २०६३/५/१, २०६३/५/११,
२०६३/५/१३, २०६३/६/३, २०६३/७/९ र २०६३/७/१८

उक्त बैठकहरुमा देहायका पदाधिकारी तथा विज्ञहरुलाई आमन्त्रण गरिएको थियो ।

- मुख्य सचिव – प्रधान मन्त्री तथा मन्त्रिपरिषद् सचिवालय ।



Scanned by CamScanner

- सचिव – प्रधान मन्त्री तथा मन्त्रिपरिषद् सचिवालय ।
- सचिव – अर्थ मन्त्रालय ।
- सचिव – भूमिसुधार तथा व्यवस्था मन्त्रालय ।
- सचिव – उद्योग मन्त्रालय ।
- सचिव – भौतिक योजना तथा निर्माण मन्त्रालय ।
- महालेखा नियन्त्रक ।
- महानिर्देशक – शहरी विकास तथा भवन निर्माण विभाग ।
- महानिर्देशक – उद्योग विभाग ।
- रजिष्ट्रार – कम्पनी रजिष्ट्रारको कार्यालय ।
- ६ नं. नापी गोश्वाराका प्रमुख, काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका मालपोत प्रमुखहरु ।
- भूमिसुधार विभागका पूर्व महानिर्देशक श्री अमृतमान श्रेष्ठ (विज्ञ) ।
- नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य श्री सूर्य थापा (विज्ञ) ।

जग्गाको विवरण :

भूमिसुधार तथा व्यवस्था मन्त्रालयले २०६३/४/१९ मा उपलब्ध गराएको कूल जग्गाको विवरण अनुसार राजसंस्था, राजा र राजपरिवारको नाममा जम्मा ३४,३२८-१३-३-२ रोपनी र ५८-१२-१० विगाह रहेको थियो । सो विवरण अप्रर्याप्त भएकोले समितिको बैठकले दिएको निर्देशन अनुरुप मिति २०६३/४/२८ गते सम्बन्धित निकायहरुबाट निम्न अनुरुपको नयाँ विवरणहरु उपलब्ध गराइएको थियो ।

उपलब्ध विवरणको अध्ययन गर्दै बाँकी रहेका अन्य जिल्लाहरु लगायत उद्योग धन्दा, गुठी, निजी वीर्तामा रहेको जग्गाहरुको विवरण उपलब्ध गराउन उपसमितिले पुन सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । त्यसपछि हालसम्मको प्राप्त विवरण निम्नानुसार रहेको छ :–

- काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ्ग, चितवन, मकवानपुर, कास्की, सुर्खेत, धनकुटा, गोर्खा र वारा गरी १४ जिल्लामा जग्गा भएको भनी विवरण प्राप्त भएको ।
- खोटाङ्ग, सोलुखुम्वु, मोरङ्ग, भोजपुर, धनुषा, सिन्धुली, रसुवा, तनहुँ, वाग्लुङ्ग, नवलपरासी, कालीकोट, डोल्पा, रौतहट, सुर्खेत, दैलेख, नुवाकोट, संखुवासभा र वाजुरा गरी १८ जिल्लामा जग्गा नभएको भनी जानकारी प्राप्त भएको ।
- सम्बन्धित निकायहरुबाट प्राप्त विवरण क्रमशः तालिका नं.१, २ र ३ मा प्रस्तुत गरिएको छ ।



Scanned by CamScanner

तालिका-१

राजपरिवारको स्वामित्वमा रहेको जग्गा जमिनहरुको प्रकृति

| जग्गाको किसिम | जग्गा धनी |
|---|---|
| | श्री ५ र राज परिवार |
| जंगल | ३४,९६९–३–२–३ |
| आवादी | ४,६५७–०–०–० |
| गुठी | २६९–७–२–२ |
| वीर्ता | ३५०-०-०-० |
| कम्पनी | १०,६८०–१२–३–३ |
| जम्मा | ५०,९२६–८–१–० |

तालिका-१.१

श्री ५ र राजपरिवारका सदस्यहरुको स्वामित्वमा रहेको जग्गाको विवरण

| जग्गाधनीको नाम | रोपनी | विगाहा |
|---|---|---|
| श्री ५ महाराजाधिराज, नारायणहिटी राजदरबार | ३४,९२० –९–३–२ | ९४–५–११ |
| श्री ५ वडामहारानी | १९२ –३–०–० | |
| श्री ५ मुमा वडामहारानी | ८२–१३–३–० | |
| श्री ५ वीरेन्द्र | २७९१–६–३–१ | |
| श्री ५ अधिराजकुमारी प्रेक्षा | ४७–९–३–३ | |
| श्री ५ अधिराजकुमारी प्रेरणा | १० –०–२–० | |
| शाहज्यादी सीताष्मा | ५–६–०–१ | |
| श्री ५ अधिराजकुमारी शोभा | २३–६–२–१ | |
| श्री ५ अधिराजकुमारी शारदा | १ –१३–३–२ | |
| श्री ५ जिजुमुमा वडाममहारानी इश्वरी | ७–७–३–० | |
| माइला महारानी | ४–१–०–० | |
| माहिला शाहज्यादी | ५–२–०–० | |
| श्री ५ अधिराजकुमारी शान्ती सहित संयुक्त | | १८ –२–१० |
| जेठा मुमा | १ –६–०–० | |
| कान्छामहारानी | १५ –२–१–० | |
| जम्मा | ३८,१०८–९–१–२ | ११२ –८–१ |



Scanned by CamScanner

उपरोक्त जग्गाहरुमध्ये मोही लागेको जग्गाको विवरण :

| | |
|---|---|
| श्री ५ महाराजाधिराज | १९२-४-०-० रोपनी |
| श्री ५ वडामाहारानी | १५९-५-०-० |
| श्री ५ मुमा वडामहारानी | ७७-१५-२-० |
| श्री ५ माहिला महारानी | ४-१-०-० |
| श्री ५ कान्छा महारानी | १५-२-१-० |
| जेठा मुमा | १-६-०-० |
| श्री ५ माहिला शाहज्यादी | ५-२-०-० |
| जम्मा | ४५५-३-३-० |

तालिका-२
गुठीको जग्गाको विवरण

| सि.नं | गुठीको नाम | मोही | गा.वि.स. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | विष्णुमति नानक मठ | श्री ५ अधिराजकुमारी हेलेन शाह | स्वयम्भू | ३६८ | १२-१३-२-३ (रोपनी) |
| २ | नन्दीकेशर गुठी | श्री ५ अधिराजकुमारी शान्तिरनज्य लक्ष्मी सिंह | कलंकी | ३९५,३३६,४४,४७,४५ | ५-०-२-० (रोपनी) |
| ३ | विष्णुमति नानक मठ | केतकी चेष्टर | स्वयम्भू | २७३ | ६-०-० (रोपनी) |
| | | रैतानी नम्बरी | - | | |
| ४ | का.त.का.होम गुठी का.त.का.वर्षवन्धन गुठी र काठमाडौ भीमसेन गुठी | श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव | कालीमाटी टंकेश्वर " | ६३,३६,२९ | ५-८-२ (रोपनी) |
| ५ | अशोक विनायक गुठी | पूजा राज्य लक्ष्मी शाह | धापासी | | ८-१५-३-३ (रोपनी) |
| ६ | | श्री ५ शाहज्यादी शान्ति राज्यलक्ष्मी | सिमारा, पिपरा | | १७-१७-० (विगाह) |



Scanned by CamScanner

तालिका-३

श्री ५ तथा राजपरिवारका सदस्यहरुको लगानीमा स्थापना भएको भनिएका उद्योग, कम्पनी र होटेलको नाउमा रहेका जग्गाको विवरण

| सि. नं | नाम | जिल्ला | स्थान | कित्ता संख्या | रोपनी | बिगाह | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हिमालय टी गार्डेन एण्ड फार्मिङ्ग | झापा | दमक | १५ | | ५७५-१७-१४ | |
| २.१ | सूर्य नेपाल प्रा.लि | बारा | पिपरा | १३ | | ४२-२-० | |
| २.२ | " | काठमाडौं | भद्रकाली/ विष्णु | १५ | ३५-०-०-० | | |
| २.३ | " | मोरङ्ग | टंकीसिन वारी | १२ | | ६-२-० | |
| २.४ | " | " | " | ३ | | १०-१४-० | |
| ३.१ | सिप्रदी टेलिङ्ग प्रा.लि. | पर्सा | बतुअरी | ३१ | | १-१५-२ | |
| ३.२ | " | काठमाडौं | सतुङ्गल नैकाप | ४४ | २५-०-२-० | | |
| ३.३ | " | बारा | पिपरा | ५ | | ८-०-४ | |
| ३.४ | " | काठमाडौं | सतुङ्गग | | २१-९-२-० | | |
| ३.५ | " | बारा | | | | ७-१६-०-४ | |
| ३.६ | " | काठमाडौं | सतुङ्गल | | ८-०-०-० | | |
| ३.७ | " | काठमाडौं | नयाँ नैकाप | | १३-९-२-० | | |
| ४ | लक्ष्मी वनस्पति घ्यू उद्योग | रुपन्देही | मधुवलिया | २० | | ४-१३-१४ | |
| ५ | सोल्टी होटेल | काठमाडौं | काभनपा | ९ | ८१-१२-३-१ | | |
| ५.२ | " | " | " | ७ | २-५-१-१ | | |
| ६ | होटेल डिला अन्नपूर्ण | " | काठमाडौं | २ | ४१-०-०-१ | | |
| ६.२ | " | " | " | १ | ०-९-३-० | | |
| ६.३ | " | " | " | १ | ०-०-३-० | | |
| ७ | भोटेकोशी पावर कम्पनी प्रा.लि. | सिन्धुपाल चोक | तातोपानी | ५९ | ११९-७-३-३ | | |



Scanned by CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | होटेल सहेन्शाह इन्टरनेशनल प्रा.लि. | काठमाडौं | धापासी | ३५ | २०-१-३-१ | | |
| ९ | लक्ष्मी कत्था उद्योग | कैलाली | गेटा | ४ | | ३-१४-० | |
| ९.२ | " | " | " | ४ | | ४९-०-० | |
| १० | लक्ष्मी रोजिन एण्ड टार्पेनटाइन प्रा.लि. | बाँके | गनपुरपिपरहा | १३ | | ३-४-१६ | |
| १०.२ | " | " | नेपालगंज | ११ | | ६-१४-१५ | |
| ११ | ने.वि.को. | चितवन | कल्याणपुर | १ | | १-१०-० | |
| | जम्मा | | | | ४४८-९-३-३ | ७५७-११-१५ | |

श्री ५ तथा राजपरिवारका सदस्यको लगानीमा स्थापना भएको भनिएको उद्योग, कम्पनी र होटेल गरी ३३ वटाको नाउमा रहेको जग्गाको विवरण माग गरिएकोमा शेयर विवरण २५ वटाको र जग्गाको विवरण ११ वटाको प्राप्त भएको छ। जग्गाको विवरण प्राप्त भएका उद्योग, कम्पनी र होटलहरुमा हिमालय टी गार्डेन एण्ड फार्मिङ्ग सोल्टी इन्टरप्राइजेज प्रा.लिं, सूर्य नेपाल प्रा.लि., सिप्रदी टेलिङ्ग प्रा.लि., लक्ष्मी वनस्पति घ्यू उद्योग, सोल्टी होटेल, होटेल डिला अन्नपूर्ण, भोटेकोशी पावर कम्पनी प्रा.लिं., होटेल सहेन्शाह इन्टरनेशनल प्रा.लि., लक्ष्मी कत्था उद्योग, लक्ष्मी रोजिन एण्ड टार्पेनटाइन प्रा.लि., ने.वि.को. रहेका छन्।

- शेयर विवरण प्राप्त भएका उद्योग, कम्पनी र होटलहरुमा गोर्खा ट्राभल्स प्रा.लि., हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि., हिमाल इन्टरनेशनल पावर कर्पोरेशन प्रा.लि., सूर्य इनटरप्राइजेज प्रा.लि., गोर्खा लरी प्रा.लि., शान्ति वनस्पति (नेपाल वनस्पति) घ्यू उद्योग प्रा.लि., यति ट्राभल्स, शेर्पा होटेल, फिष्टेल होटेल पोखरा, ला मेरिडिन होटेल, गोकर्ण, क्लव हिमालयन नगरकोट, राज ग्रूप काठमाडौं, अमरावती इन्टरनेशनल प्रा.लि., स्पाइस नेपाल प्रा.लि., काठमाडौं प्लाजा, काठमाडौं गरी २६ वटाको प्राप्त भएको छ।

शेयर विवरण प्राप्त हुन नसकेका उद्योग, कम्पनी र होटलहरुमा शम्भू कन्स्ट्रक्सन , तारा गाउं विकास समिति, सिपिङ्ग नेपाल, काठमाडौं प्लाजा, यति कार्पेट, लोकभक्त ट्रान्सपोर्ट, कुण्डलिनी रिसोर्ट एण्ड हेल्पिङ्ग क्लव रहेका छन्।



Scanned by CamScanner

**स्वर्गीय राजा वीरेन्द्रको नाममा रहेको जग्गा जमिन मध्ये श्री ५ महाराजाधिराज ज्ञानेन्द्रको नाममा नामसारी भएको जग्गाको विवरण :**

| | |
|---|---|
| • काठमाण्डौं गोलढुङ्गा – नागार्जुन जंगल, दरबार, फल उद्यान समेत २०६२/४/१९ को निर्णयले नामसारी भएको | ५००८–४–९–१ |
| • काठमाण्डौं सितापाइला २०६२/४/१२ को निर्णयले नामसारी | ५३४७–५–१–० |
| • काठमाण्डौं डाँडापौवा/रामकोट २०६२/४/१२ को निर्णयले नामसारी | ३४८१–९–२–२ |
| • धादिङ्ग नागार्जुन जंगल २०६२/४/१२ को निर्णयले नामसारी | १५१०१–११–२–१ |
| • वालाजु जंगल, फलोद्यान, पोखरी समेत | २५७१–४–३–१ |
| • काठमाण्डौं, गोकर्ण महाराजाधिराज निकुञ्ज | ३३३–०–१–० |
| • रत्न मन्दिर पोखरा/कास्की | १७४–४–२–० |
| • धनकुटा दरबार – धनकुटा | १९४–०–०–० |
| • गोरखा दरवार – गोरखा | ४७१–४–२–२ |
| • सुर्खेत लाटीकोइली | ४६५–४–१–० |
| • चितवन दियालो बंगला, जंगल समेत | ७८६–६–६–२ |
| • काठमाण्डौं शेष नारायण वोर्डिङ्ग घर | ६८–१२–०–० |
| जम्मा : | ३४००२–१२–३–२ |

**स्व. राजा वीरेन्द्रको नाममा बाँकी रहेको जग्गा :**

| | |
|---|---|
| श्री ५ महाराजाधिराज वीरेन्द्र (गोकर्ण निकुञ्ज) | २७७४–६–०–२ |
| श्री ५ महाराजाधिराज वीरेन्द्र (गोकर्ण निकुञ्ज) | ६८–०–२–३ |
| जम्मा : | २७९१–६–३–१ |

स्वर्गीय राजा वीरेन्द्रको स्वामित्वमा रहेको जग्गा दरबार हत्या काण्ड (२०५८ जेष्ठ १९ पछि लगतै २०५८ भाद्र र पौष महिनामा र अन्य जग्गाहरु २०६१ र ६२ को विभिन्न मितिमा श्री ५ महाराजाधिराज सरकारको नाममा स्वामित्व हस्तान्तरण भएको तथ्यहरुबाट देखिन्छ । तर उक्त हत्याकाण्डमा मारिएका राजपरिवारका सदस्यहरु श्री ५ ऐश्वर्य, श्री ५ दीपेन्द्र, श्री ५ निराजन, श्री ५ श्रुतीको नाममा रहेको जग्गा जमिन अन्य कसैको नाममा नामसारी भएको देखिन आउँदैन ।

**गुठी जग्गालाई रैकरमा परिणत गरी स्वामित्व परिवर्तन गरेको**

राजा र राजपरिवारका अन्य सदस्यहरुले विभिन्न समयमा गुठी जग्गालाई रैकर गरी आफ्नो नाममा स्वामित्व प्राप्त गरेको तथ्यहरुबाट देखिन्छ । साथै राजा र राजपरिवारका



Scanned by CamScanner

सदस्यहरु गुठी जग्गाको मोही भई जग्गा भोग गरी आएको समेत तथ्यहरुबाट देखिन आएको छ ।

- काठमाडौं टंकेश्वर कि.न.२९,३६,३९ अन्तरगतको भीमसेन गुठी जग्गा रैकर गरी २०६२ श्रावण ४ गतेको निर्णयले नारायणहिटी राजदरबार हक कायम गरिएको ।
- काठमाडौं होम गुठी कि.नं.६३ को जग्गा रैकर गरी श्री ५ महाराजाधिराज राजदरबार हक कायम गरिएको ।
- काठमाडौं नारायणस्थान, अशोक विनायक गुठी जग्गा रैकर गरी श्री ५ महाराजाधिराजलाई जग्गा धनी कायम गरेको ।
- 

<u>गुठी जग्गाको मोही राजा र राजपरिवारका सदस्य</u> :

- काठमाडौ स्थित होम गुठी, वर्षबन्धन गुठी, भीमसेन गुठीको जग्गाको मोही श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव रहेको ।
- काठमाडौ,विष्णुमती नानक गुठीको जग्गा श्री ५ अधिराजकुमारी हेलेन शाह मोही कायम रहेको ।
- काठमाडौं नन्दीकेशर गुठीको जग्गा श्री ५ अधिराजकुमारी शान्ति राज्य लक्ष्मी देवी शाह रहेको ।
- काठमाडौ, विष्णुमति नानक गुठी जग्गा केतकी चेष्टर मोही रहेको ।

राजा र राजपरिवारका सदस्यहरु गुठी जग्गा कमाई मोहीको रुपमा रहेको तथ्यहरुबाट देखिन्छ । भूमि सम्बन्धी ऐन, २०२१ को परिभाषा अनुसार "मोही भन्नाले अरु जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्ति सम्झनु पर्दछ ।" भन्ने उल्लिखित कानूनी परिभाषा अनुसार राजा र राजपरिवारका सदस्यहरु, जो प्रत्यक्ष जग्गा कमाईमा श्रम खर्च गर्दैनन्, उनीहरु गुठी जग्गाको मोही कायम रहनु कानून सम्मत देखिन्न ।

<u>वीर्ता</u> :

कानूनतः वि.सं. २०१६ सालमा वीर्ता उन्मूलनको घोषण गरी वीर्ता जग्गा राख्न नपाउने कानूनी व्यवस्था रहेपनि कतिपय स्थानमा दरवारको फर्मायसी वीर्ता कायम रहेको र मोहीको नाममा जग्गा दर्ता नगरिएको उदाहरण काठमाडौं मातातीर्थमा ३५० रोपनी जग्गा दरवारको फर्मायसी वीर्ता रहेकोबाट पुष्टि हुन्छ ।



Scanned by CamScanner

सार्वजनिक र सरकारी जग्गाहरु श्री ५ र अन्य सदस्यहरुको नाममा दर्ता :

❖ देशको विभिन्न स्थानमा रहेको सार्वजनिक, ऐलानी, पर्ती, र सरकारी जंगलहरु अतिक्रमण गरी शिकार खेल्ने, मनोरञ्जन गर्ने, आराम गर्ने र विदेशी अतिविशिष्ट पाहुनाहरु राख्ने प्रयोजनको लागि सुर्खेतको लाटी कोइली , धनकुटा दरबार, चितवन दियालो बंगला, गोकर्ण राज निकुञ्ज, नार्गाजुन दरवार लगायत देशको दर्जनौं स्थानमा हजारौं रोपनी जग्गा अतिक्रमण गरेको देखिन्छ । राज्यको तर्फबाट अरबौं रुपैयाँ खर्च गरेर बनाइएका घर बंगला लगायतको जग्गा जमिनहरु विभिन्न समयमा राजा वीरेन्द्रले आफ्नो नाममा दर्ता गरेको पाइन्छ । त्यसको अलावा उक्त घर, दरवार, उद्यान, जंगल सुरक्षार्थ दशौं हजार नेपाली सेनाको तैनाथी गरी सेनाको दुरुपयोग समेत गरेको देखिन्छ भने हाल पनि सो स्थिति विद्यमान छ ।

- गोकर्ण राज निकुञ्ज २०४२मा श्री ५ महाराजाधिराजको नाममा दर्ता भएको देखिन्छ ।
- सुर्खेत लार्टीकोइली क्षेत्र २०३४/१/३मा श्री ५ महाराजाधिराजको नाममा दर्ता भएको देखिन्छ ।
- नार्गाजुन दरवार, जंगल २०४४/७/१२ मा श्री ५ महाराजाधिराजको नाममा दर्ता भएको देखिन्छ ।
- धनकुटा दरवार २०४१/७/२८ मा श्री ५ महाराजाधिराजको नाममा दर्ता भएको देखिन्छ ।

यस्तै विभिन्न मितिमा चितवनको दियालो बंगला, कास्की रत्नमन्दिर , बालाजु जंगल, फलोद्यान पोखरी समेत राजाले आफ्नो नाममा दर्ता गरेको देखिन्छ ।

❖ यसरी दर्ता गरिएको सार्वजनिक र सरकारी जमिनहरु कानूनले व्यवस्था गरे अनुरुपको व्यक्तिलाई हस्तान्तरण गर्ने न्यूनतम र सामान्य औपचारिकता समेत पूरा नगरी दरबारको ठाडो आदेशबाट राजा र राज परिवारको नाममा सीधै स्वामित्व हस्तान्तरण हुने गरी दर्ता गरिएको देखिन्छ ।

अध्ययनको क्रममा सार्वजनिक रुपमा चर्चामा रहेको नारायणहिटी राजदरबार तत्कालिन सरकारलाई बेचेको विषयमा विभिन्न सरोकारवाला पक्ष र विज्ञहरुसंग छलफल र विचार विर्मश गरिएको थियो । यस क्रममा तत्कालीन राजा महेन्द्रले २०२६ सालमा ९ करोड रुपैयाँ राज्यबाट लिई नारायणहिटी दरबार सरकारलाई बेचेको अनौपचारिक जानकारी समितिलाई प्राप्त भए पनि आधिकारिक तथ्य उपलब्ध हुन नसकेकोले राज्यबाट रकम लिए पनि दरबार राज्यलाई औपचारिक रुपमा हस्तान्तरण नगरेको प्रष्ट हुन आउछ । यस सम्बन्धमा थप अध्ययन र अनुसन्धानको आवश्यकता देखिन्छ ।



Scanned by CamScanner

समस्या :

- जग्गाको विवरण संकलन गर्ने कार्यमा सरकारको तर्फबाट सम्बन्धित निकायहरु राजदरबार मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, उद्योग मन्त्रालय लगायत त्यस मातहतका कार्यालयहरुबाट प्राप्त सहयोग अपर्याप्त भएको ।
- राजपरिवारका जग्गा जमिन किनबेच रोक्का गर्ने समितिको तर्फबाट दिइएको निर्देशन सरकारबाट पालना नभएको ।
- सम्बन्धित निकायको प्रर्याप्त सहयोग प्राप्त हुन नसकेको कारण विवरण संकलन कार्यले पूर्णता प्राप्त गर्न नसकेको ।
- समितिमा प्राप्त विवरणमा एकरुपता न भएको ।

सुझावहरु

(१) देशको सबै जिल्लामा रहेका राजा र राजपरिवारका नाममा रहेको सबै किसिमका जग्गा जमिनको अभिलेख व्यवस्थित गरी त्यसलाई पारदर्शी बनाउने र सार्वजनिक गर्ने ।

(२) राजा र राजपरिवारका सदस्यहरुको जग्गा जमिन बिक्री वितरण नहोस भन्ने उद्धेश्यले समितिले सरकारलाई पटक पटक जग्गा खरिद बिक्री रोक्का गर्न निर्देशन दिए पनि सो निर्देशन कार्यान्वयन गरिएको छैन । सो निर्णय यथाशीघ्र कार्यान्वयन गर्न सरकार र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव दिने ।

(३) राजा वीरेन्द्र र जेठ १९ को घटनामा मारिएका राजपरिवारका सम्पूर्ण सदस्यहरुको २०५८ साल जेठ १९ सम्मको जग्गा जमिन लगायत सम्पूर्ण सम्पत्ति यथार्थ विवरण खोजी गर्ने र त्यसलाई राष्ट्रियकरण गरी ट्रष्टमा परिणत गर्ने समेतको व्यवस्थापन गर्ने ।

(४) राजा ज्ञानेन्द्र वा श्री ५ महाराजाधिराजको नाममा रहेको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने र खेती योग्य जमिन भूमिहिन किसानलाई वितरण गर्ने समेत व्यवस्था गर्ने ।

(५) राजपरिवारका सदस्यहरुको स्वामित्वमा रहेका जग्गा जमिन प्रचलित भूमि सम्बन्धी कानून अनुरुप हदबन्दी कायम गरी बढी देखिएका जग्गा कानून अनुरुप अधिग्रहण गरी भूमिहिनहरुलाई वितरण गरिनु पर्ने ।

(६) राजदरबार र राजपरिवारका सदस्यहरुको नाममा रहेको वन क्षेत्रलाई वन ऐन अनुरुप व्यवस्थापन गर्ने केहीलाई निकुञ्ज वा आरक्षको रुपमा व्यवस्थापन गर्ने र केही जंगल समुदायलाई हस्तान्तरण गर्ने ।



Scanned by CamScanner

मुद्रक : संसद सचिवालय, अफसेट प्रेस

Scanned by CamScanner